निर्वाचन आयोग, नेपाल

# दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (परिमार्जन सहित)

(२०७१/०७२-२०७५/०७६)

र

# तीनवर्षीय कार्ययोजना

(२०७३/०७४ - २०७५/०७६)

# मन्तव्य

आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२-२०७५/०७६ को मध्यावधि मूल्याङ्कन र  दुईवर्षीय कार्ययोजना (२०७१/०७२-२०७२/०७३) को समीक्षा गरी दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको परिमार्जन सहित बाँकी अवधिको तीनवर्षीय कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन पाउँदा मलाई खुशी लागेको छ । दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको प्रथम दुई वर्षीय कार्ययोजनाको कार्यान्वयन पश्चात् उक्त कार्ययोजनामा प्रारम्भ गरिएका निर्वाचनका विधि र प्रक्रियामा प्रविधिको उपयोगद्वारा थालिएका सुधारका कार्यहरुलाई निरन्तरता दिँदै विश्व मञ्चमा समेत आयोगलाई निर्वाचन व्यवस्थापनको लागि सक्षम र विश्वसनीय निकायको रूपमा स्थापित गर्ने उद्देश्य लिईएको छ । सोही बमोजिम आयोगले आफ्नो संवैधानिक निर्दिष्टता, आवश्यकता र प्राथमिकताका आधारमा आयोग, सचिवालय र अन्य सरोकारवालाहरु समेतको संलग्नताका महत्वपूर्ण विषयवस्तुहरु पहिचान गरी रणनीतिक आधारस्तम्भ र रणनीतिक लक्ष्यहरूमा सुधारसहित दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२-२०७५/०७६ को परिमार्जन गरी तीनवर्षीय कार्ययोजना (२०७३/०७४-२०७५/०७६) तयार गरिएको छ । साथै अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरु, विगत्मा सम्पन्न भएका निर्वाचनबाट हाँसिल भएका अनुभव तथा दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्यांकन र दुईवर्षीय कार्ययोजनाको समीक्षाबाट प्राप्त निष्कर्ष र सुझावहरु पनि यस परिमार्जित रणनीति योजना र तीनवर्षीय कार्ययोजना निर्माणका प्रमुख आधारका रुपमा रहेका छन् । यस सिलसिलामा परिमार्जित रणनीतिक योजनाका मुख्यतयाः चारवटा रणनीतिक सवालहरु पहिचान गरी सोको आधारमा, रणनीतिक लक्ष्य तथा क्रियाकलापहरु एवं अनुगमन तथा मूल्याङ्कनको मार्गदर्शनसहित पछिल्लो तीनवर्षीय कार्ययोजना (२०७३/०७४-२०७५/०७६) समेत तयार गरिएको छ ।

आयोगको पहिलो रणनीतिक योजनाको कार्यान्वयनबाट फोटोसहितको मतदाता नामावली संकलन तथा अद्यावधिक, मतदाता परिचयपत्र तयारी तथा वितरण, निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना तथा संचालन, आयोग र अन्तर्गत कार्यरत जनशक्तिको क्षमता विकास, सरोकारवालासँगको सहयोग र समन्वय एवं विकास, साझेदार संस्थाहरूसँगको सहकार्य लगायतका कामहरुबाट निर्वाचनको संचालन तथा व्यवस्थापनमा आधुनिकीकरण र सुधारका विषयमा महत्वपूर्ण उपलब्धिहरु हाँसिल भएका छन । यसको ज्वलन्त उदहारणको रुपमा संवत् २०७० साल मंसिर ४ गते सम्पन्न अर्को संविधानसभा सदस्य निर्वाचनमा प्राप्त राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विश्वसनीयतालाई समेत लिन सकिन्छ ।

दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको पहिलो दुईवर्षीय कार्ययोजनको कार्यान्वयनबाट आयोगमा कार्यरत जनशक्तिको क्षमता अभिबृद्धि, आयोग र सचिवालयबीचको आन्तरिक सञ्चार प्रणालीमा सुधार, योजना निर्माण सम्बन्धी आवश्यक निर्देशिकाहरुको तयारी, २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान अनुसार कानूनमा सुधार गर्ने कार्यको थालनी, मतदाता हुन योग्य सबै व्यक्तिको नाम दर्ता गर्ने कार्यलाई निरन्तरता, मतदाता शिक्षा सम्बन्धी नियमित रुपमा रेडियो तथा टेलिभिजन कार्यक्रम प्रशारण, मतदाता शिक्षाको प्रयोजनको लागि क्षेत्रीय निर्वाचन शिक्षा तथा

सूचना केन्द्रको स्थापना तथा घुम्ति मतदाता शिक्षा सामग्रीको प्रयोगमा बिस्तार, निर्वाचन सञ्चालनमा कामको अवस्था पहिल्याउने प्रणाली (Event Tracking System) को प्रयोग, जोखिम व्यवस्थपानका प्रावधानलाई संस्थागत गर्ने गरी कार्यविधि निर्माण तथा कार्यान्वयन लगायतका कामहरुबाट निर्वाचनको संचालन तथा व्यवस्थापनमा आधुनिकीकरणको सुधार जस्ता महत्वपूर्ण उपलब्धिहरु हाँसिल गर्न सम्भव भएको छ ।

दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (परिमार्जन सहितको) ले परिकल्पना गरेका रणनीतिक लक्ष्य, उद्देश्य र परिलक्ष्य प्राप्त गर्नको लागि यसको तीनवर्षीय कार्ययोजना (२०७३/०७४-२०७५/०७६) को प्रभावकारी कार्यान्वयनमा आयोग प्रतिवद्ध रहेको छ । यसको सफल कार्यान्वयनबाट अन्ततोगत्वा निर्वाचनमा नवीनतम प्रविधिको प्रयोग मार्फत् निर्वाचन व्यवस्थापनमा आयोगको दक्षता र व्यवसायिकता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास लिएको छु । परिमार्जनसहितको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना र यसको तीनवर्षीय कार्ययोजनाको कार्यान्वयनबाट निर्वाचन व्यवस्थापनका सम्पूर्ण विधि/चरण र प्रक्रियामा सुधार एवं आधुनिकीकरण मार्फत् विश्व मानचित्रमा आयोगलाई एक सक्षम निर्वाचन व्यवस्थापन निकायका रुपमा परिचित गराउन समेत सफल हुने अपेक्षा गरेको छु ।

आयोगका सचिव श्री गोपीनाथ मैनालीको संयोजकत्वमा गठित निर्देशक समितिले आयोग र अन्तर्गतका कर्मचारी तथा अन्य महत्वपूर्ण सरोकारवालाहरुसँगको विस्तृत छलफल र परामर्श पछि दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको परिमार्जन र यसको तीनवर्षीय कार्ययोजना तयार पारेका छ । यस कार्यमा संलग्न आयोगका सचिव श्री गोपीनाथ मैनाली सहित निर्देशक समितिका सदस्यहरू लगायत आयोगका कर्मचारी एवं अन्य सरोकारवालाहरु समेत सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यसै गरी यो महत्वपूर्ण दस्तावेजको निर्माण र छपाई लगायतका कार्यमा प्राविधिक सहयोग पुऱ्याउने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम/निर्वाचन सहायता परियोजना (UNDP/ESP) र अन्य सम्पूर्ण विकास साझेदार निकाय एवं शुभचिन्तकहरु प्रति भविष्यमा पनि निरन्तर सहयोग र सहकार्य उच्चस्तरमा रहिरहने विश्वास राख्दै सम्बद्ध सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**२०७३, माघ**

**डा. अयोधीप्रसाद यादव**
**माननीय प्रमुख निर्वाचन आयुक्त**

# रणनीतिक योजनाका सन्दर्भमा

समाजमा आउने परिवर्तन अनुरूप अनुकूलित हुदै निर्दिष्ट जिम्मेवारीलाई प्रभावकारी रूपमा सम्पादन गर्ने कुनैपनि जीवन्त संगठनको विशेषता हो । रणनीतिक योजना संगठनको दीर्घकालीन दृष्टिकोण हो, जसले निर्धारित अवधिका कार्यलाई दिशावोध गर्दछ । निजी क्षेत्रका संगठनहरूले प्रतिस्पर्धात्मक वातावरणमा आफूलाई प्रतिस्पर्धी बनाउन अवलम्बन गर्ने गरेको रणनीतिक योजनाको अवधारणा समकालीन विश्वमा सार्वजनिक संगठनमा पनि प्रभावकारिता विस्तार गर्ने महत्वपूर्ण आधारका रूपमा लिइदै आएको छ ।

निर्वाचन आयोगले पनि आफ्ना कामलाई बढी प्रभावकारी पार्न यस अघि तर्जुमा भै कार्यान्वयनमा आएको पञ्चवर्षीय रणनीतिक योजनको बाँकी तीन वर्षको अवधिलाई समसामयिक रूपमा परिमार्जित गरी विभिन्न रणनीतिक स्तम्भ अनुरूपका क्रियाकलाप पहिचान गरी कार्ययोजनामा समावेश गरेको छ । यसले आयोगबाट तीन आर्थिक वर्षमा सम्पादन हुने विभिन्न क्रियाकलाप, यसका लागि आवश्यक लागत र सोबाट प्राप्त हुने अपेक्षित उपलब्धिको आकलन गरेको छ । यसर्थ यो आयोगबाट सम्पादन हुने क्रियाकलापको मार्गदर्शन त हुँदै हो, आयोगका कामलाई नतिजामूलक बनाउने आधार पनि हो । प्रस्तुत रणनीतिक योजना तथा कार्ययोजना तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवज्यू, माननीय आयुक्त श्री इला शर्माज्यू र यस कार्यमा संलग्न आयोगका कर्मचारी साथीहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

**२०७३, माघ**

**गोपीनाथ मैनाली**
**सचिव**
**निर्वाचन आयोग, नेपाल**

# विषयसूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि | १-५ |
| २. | आयोगको रणनीतिक आधारस्तम्भ | ६ |
| २.१. | मूल्य | ६ |
| २.२. | दुरदृष्टि | ६ |
| २.३. | मार्गदर्शक सिद्धान्तहरू | ६ |
| ३. | सबलपक्ष, दुर्बलपक्ष, अवसर र चुनौतीहरूको विश्लेषण | ६-८ |
| ४. | रणनीतिक सवालहरू र लक्ष्यहरूको पहिचान | ९-११ |
| ४.१ | रणनीतिक सवालहरू | १२-१४ |
| ४.२ | रणनीतिक लक्ष्यहरू | १५ |
| ५. | दोस्रो पञ्चवर्षीय रणनीतिक योजना २०७१/०७२ - २०७५/०७६ का प्रमुख क्रियाकलापहरू | १६-४२ |
| ६. | दुईवर्षीय कार्ययोजना २०७१/०७२ - २०७२/०७३ | ४३-७० |
| ७. | अनुगमन र मूल्याङ्कन | ७१ |
| ८. | अनुसूचीहरु | ७२-१३३ |
| | अनुसूची १: निर्वाचन आयोगको पहिलो रणनीतिक योजना (२०६५/२०६६-२०६९/७०) को समीक्षा | |
| | अनुसूची २: सरोकारवालाहरूको पहिचान | |
| | अनुसूची ३: आयोगको क्रियाकलापका स्तम्भ अनुसारको सोट विश्लेषण | |
| | अनुसूची ४: अनुगमन तथा मूल्याङ्कनको लागि नमूना | |

# दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

## पृष्ठभूमिः

निर्वाचन आयोगको पहिलो पञ्चवर्षीय रणनीतिक योजना (२०६५-२०७०) वि.सं.२०६५ साल (सन् २००९) मा कार्यान्वयन प्रारम्भ भई २०७० साल (सन् २०१३) मा समाप्त भएको थियो । उक्त रणनीतिक योजनालाई मार्गदर्शकको रुपमा लिई यसका क्रियाकलापलाई वार्षिक कार्यक्रममा रुपान्तरण गरीकार्यान्वयन गर्ने नीति आयोगले अंगिकार गरेको थियो । पहिलो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनबाट आयोगलाई स्वच्छ र स्वतन्त्र रूपमा निर्वाचन सञ्चालन गर्न सक्षम र व्यवसायिक निकायको रुपमा संस्थागत गर्ने दिशामा महत्वपूर्ण उपलब्धिहरु हासिल भएका छन् । वि.सं.२०७० सालमा सफलतापूर्वक सम्पन्न अर्को संविधानसभा सदस्य निर्वाचनलाई यसको उदाहारणको रुपमा लिन सकिन्छ । बायोमेट्रिक पद्धतिको माध्यमबाट तयार गरिएको फोटोसहितको मतदाता नामावली तयार र मतदाता परिचयपत्र वितरण गरी उपयोगमा ल्याउने कार्य पहिलो रणनीतिक योजनाको मुख्य उपलब्धि हो । यसै गरी क्षेत्रीय र जिल्ला तहसम्म आयोगको सङ्गठन संरचनाको कार्यक्रम सञ्चालन, दक्ष तथा तालिम प्राप्त जनशक्तिको विकास, विभिन्न भाषामा मतदाता शिक्षाको बिस्तार, आयोगमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Center: EEIC) को स्थापना, निर्वाचन कार्य सञ्चालनमा सुधार आदि विषयहरूलाई पहिलो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनबाट प्राप्त अन्य उपलब्धिको रुपमा लिन सकिन्छ । यस योजना अवधिमा दक्षिण एसियाली क्षेत्रका निर्वाचन व्यवस्थापन निकायहरुमा आयोगको छवि विशिष्ट रहनु, यो क्षेत्रमा निर्वाचन व्यवस्थापनमा संलग्न व्यक्ति एवं पदाधिकारीहरुबीच पारस्परिक ज्ञान र अनुभवको आदानप्रदान बढ्दै जानुलाई समेत पहिलो पञ्चवर्षीय योजना कार्यान्वयनबाट प्राप्त उपलब्धिको रुपमा लिनु पर्दछ ।

वि.स. २०७१ साल (सन् २०१४) मा विभिन्न तहहरूमा कार्यशाला र छलफल आयोजना गरी पहिलो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको मूल्याङ्कन गरिएको थियो । मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणका आधारमा सार्वजनिक सेवाको व्यवस्थापन (निर्वाचन व्यवस्थापन) मार्फत आयोगलाई सक्षम र व्यवसायिक निकायको रुपमा संस्थागत/सुदृढीकरण गर्न रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलाई निरन्तरता दिनुपर्दछ भन्ने निष्कर्ष प्राप्त भएको थियो । रणनीतिक योजनाले राष्ट्र निर्माण, लोकतन्त्रको सुदृढीकरण, संक्रमणकालीन व्यवस्थापन तथा निर्वाचन व्यवस्थापनमा सवलता र कुशलता वृद्धि गर्न सहयोग पुऱ्याउदै संक्रमणकालीन राजनीतिक वातावरणले पार्ने अनिश्चितताहरूलाई न्यूनीकरण गर्न मद्दत पुऱ्याउँदछ भन्ने सिकाई पहिलो पञ्चवर्षीय रणनीतिक योजनाको समग्र कार्यान्वयनबाट प्राप्त भएको छ ।

पहिलो पञ्चवर्षीय रणनीतिक योजनाको मूल्याङ्कनबाट प्राप्त सुझाव/पृष्ठपोषण र सिकाई तथा समसामयिक वातावरणीय परिवेशका सबल पक्ष, दुर्बल पक्ष, चुनौती र अवसरहरुको विश्लेषण गरी वि.स.२०७१ सालमा दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२-२०७५/०७६ र सोको दुईवर्षीय कार्ययोजना (२०७१/०७२-२०७२/०७३) तर्जुमा गरिएको थियो । कार्ययोजना तर्जुमाको क्रममा आयोगले आयोग र अर्न्तगत कार्यालयका पदाधिकारी तथा कर्मचारीहरु एवं निर्वाचन सम्बद्ध अन्य सरोकारवालासँग समेत सघन अन्तरक्रिया गरी प्राप्त सुझावहरुलाई समेत आधारको रूपमा

लिएको थियो । यस सन्दर्भमा आयोगले वि.स.२०७१ कार्तिक महिनामा दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च (Forum of the Election Management Bodies of South Asia: FEMBoSA) को पाँचौ बैठकले स्वीकार गरेको "स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव" भन्ने नारालाई पनि मनन गरिएको थियो ।

दोस्रो पञ्चवर्षीयरणनीतिक योजनाको दुईवर्षीय कार्ययोजनाको कार्यान्वयन अवधि आर्थिक वर्ष २०७२/०७३ को असाढ मसान्तमा समाप्त भएकोले यसको कार्यान्वयनको समीक्षा गरी बाँकी अवधि (२०७३/०७४-२०७५/०७६) का लागि कार्ययोजना निर्माण गर्नुपर्ने आवश्यकता भएको छ । साथै प्रस्तुत रणनीतिक योजना वि.स. २०७२ असोज ३ गते नेपालको संविधान जारी हुनु भन्दा अघि निर्माण भएको र नेपालको संविधान घोषणा भए पश्चातको अवस्थामा यसको मध्यावधिक मूल्याङ्कन गरी समसामयिक परिमार्जन समेत गर्नुपर्ने आवश्यकता महसूस भएकोले आयोगको निर्णय अनुसार आयोगका सचिव श्री गोपीनाथ मैनालीको संयोजकत्वमा एक निर्देशक समिति गठन गरी दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधिक मूल्याङ्कन गरी रणनीतिक योजनामा परिमार्जन गर्ने, दुईवर्षीय कार्ययोजनाको समीक्षा गर्ने र बाँकि अवधिको लागि कार्ययोजना निर्माणको कार्य अगाडि बढाएको थियो । यसका लागि विभिन्न तहहरूमा कार्यशाला र छलफल आयोजना गरी दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधिक मूल्याङ्कन गर्नुका साथै प्राप्त पृष्ठपोषणका आधारमा रणनीतिक योजनामा परिमार्जन गरिएको छ । दुईवर्षीय कार्ययोजनाको समीक्षा र सामयिक क्रियाकलापहरूलाई समेत समावेश गरी बाँकी अवधि (२०७३/०७४-२०७५/०७६) को कार्ययोजना निर्माण गरिएको छ । दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको पहिलो दुईवर्षीय कार्ययोजनाको समीक्षा गर्दा कार्ययोजनाका कूल ९१ क्रियाकलापहरू मध्ये २१ वटा पूर्ण कार्यान्वयन भएको, ३८ वटा आंशिक कार्यान्वयन भएको र ३२ वटा क्रियाकलाप कार्यान्वयन हुन नसकेको पाइएको छ ।

यस कार्ययोजना अवधिका मुख्य उपलब्धिको रूपमा २ वटा जिल्ला निर्वाचन कार्यालयको कार्यालय भवन निर्माण सम्पन्न भएको, ९ वटा जिल्ला निर्वाचन कार्यालयहरुको कार्यालय भवन निर्माणको कार्य भइरहेको, ४ वटा जिल्ला निर्वाचन कार्यालयको लागि जग्गा प्राप्ति भएको, २ वर्ष ६ महिनाको लैङ्गिक तथा समावेशी कार्ययोजना निर्माण गरी कार्यान्वयनमा लगिएको, जनशक्तिको क्षमता अभिबृद्धि कार्यक्रमहरुको सञ्चालन भएको, आयोग र सचिवालयबीचको आन्तरिक सञ्चार प्रणालीमा सुधार, योजना निर्माण सम्बन्धी निर्देशिकाहरुको निर्माण र कार्यान्वयन, नयाँ संविधान अनुसार निर्वाचन कानूनमा सुधारका प्रयास, मतदाता हुन योग्य सबै व्यक्तिको फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्न मतदाता नामावली दर्ता तथा अद्यावधिक (निरन्तर, विशेष र घुम्ती) कार्यक्रम संचालन, निर्वाचन शिक्षा तथा सूचना सम्बन्धी रेडियो तथा टेलिभिजन कार्यक्रम नियमित प्रशारण, मतदाता शिक्षाको प्रयोजनको लागि क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना तथा घुम्ती मतदाता शिक्षा सामग्रीको प्रयोगमा विस्तार, दलित, महिला, जनजाति, मधेशी तथा अन्य समुदायका लक्षितवर्गको राजनीतिक प्रतिनिधित्व बढाउने कार्यक्रमहरुको सञ्चालन, निर्वाचन सञ्चालनमा कामको अवस्था पहिल्याउने प्रणाली (Event Tracking System) को प्रयोग, जोखिम व्यवस्थपानका प्रावधानलाई संस्थागत गरी कार्यविधि निर्माण तथा कार्यान्वयन लगायत निर्वाचनको संचालन तथा व्यवस्थापनमा आधुनिकीकरण र सुधार रहेका छन् ।

कार्ययोजनाका कतिपय कार्यहरु निर्वाचन सञ्चालनसँग सम्बन्धित भएको र यस अवधिमा निर्वाचन सञ्चालन गर्नु नपरेकोले कार्यान्वयन हुन सकेनन् । कतिपय क्रियाकलापहरुको  कार्यान्वयनमा आन्तरिक एवं बाह्य समन्वयको कमी, श्रोत साधनको सीमितताले कार्यान्वयनमा असहजता, कतिपय क्रियाकलापहरु बढी महत्वाकांक्षी हुनु, आयोगको कार्य क्षेत्र बाहिरका क्रियाकलापहरु समेत समावेश हुनु, विभिन्न शाखाहरुको कार्य-जिम्मेवारीमा दोहोरोपना हुनु, कार्यान्वयनका चरणमा प्रतिवद्धताको कमी, कार्य प्राथमिकीकरण हुन नसक्नु जस्ता कारणहरुले कार्ययोजनाको पूर्ण कार्यान्वयन हुन कठिनाई रहेको पाइयो ।

दुईवर्षीय कार्ययोजनाको समीक्षाको क्रममा दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको भाषिक पुनर्लेखन गर्नुपर्ने, नेपालको संविधान जारी भएपछिको विशिष्ट परिस्थितिलाई हृदयंगम गरी योजनाको रणनीतिक आधार स्तम्भलाई सामान्य परिमार्जन सहित सुधार गर्नुपर्ने, आयोगको कार्यक्षेत्र बाहिरका क्रियाकलापहरू हटाउने, कतिपय निरन्तर प्रकृतिका कार्यलाई तीनवर्षीय कार्ययोजनामा समावेश गरिनु पर्ने सुझावहरू प्राप्त भएका थिए । साथै संवैधानिक प्रावधान बमोजिम सम्पन्न गर्नुपर्ने निर्वाचनहरूको व्यवस्थापनका कार्यहरूलाई केन्द्रबिन्दुमा राखी नयाँ क्रियाकलाप पहिचान गरी कार्ययोजनामा थप गर्नुपर्ने, रणनीतिक योजनामा समावेश हुने क्रियाकलापका कार्यसम्पादन मापनका आधार र कार्यसम्पादन सूचकको पहिचान गरी योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि Bench-mark सहित रणनीतिक योजनाका क्रियाकलापहरूको नतिजामूलक खाकामा कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनु पर्ने जस्ता पृष्ठपोषणहरू समेत प्राप्त भएका थिए । दुईवर्षीय कार्ययोजना समीक्षाको विस्तृत विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

प्राप्त पृष्ठपोषण समेतका आधारमा दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको परिमार्जन र तीनवर्षीय कार्ययोजना निर्माण गर्दा रणनीतिक आधार स्तम्भमा सामान्य परिमार्जनसहित पुनर्लेखन गरिएको, कतिपय निरन्तर प्रकृतिका कार्यलाई निरन्तरता दिइएको, केहि क्रियाकलापहरु परिमार्जन गरी स्पष्ट पारिएको र केही नयाँ क्रियाकलापहरूको पहिचान गरी थप गरिएका छन् । त्यस्तै निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई बढावा दिनुको साथै आयोगको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार कार्यलाई सुदृढीकरण गर्ने क्रियाकलापहरूसमेत रणनीतिक योजनामा समेटिएको छ । दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको परिमार्जन र तीनवर्षीय कार्ययोजना निर्माण गर्दा पहिचान भएका आयोगका सरोकारवालाहरुको विवरण अनुसूची-२ मा समावेश गरिएको छ ।

यसमा आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (परिमार्जनसहित) र सोको तीनवर्षीय कार्ययोजना समाविष्ट छन् । रणनीतिक क्रियाकलाप पहिचान गर्दा कुनै निर्दिष्ट क्रियाकलापका लागि जति छोटो समय राखिन्छ, उक्त क्रियाकलापको कार्यान्वयनले मूर्त रूप पाउने सम्भावना पनि उत्तिकै बढी रहन्छ भन्ने मान्यतालाई आत्मसात गरिएको छ । यो रणनीतिक योजना परिमार्जन गरी तीनवर्षीय कार्ययोजना निर्माण गर्दा राजनीतिक अवस्था एवं संस्थागत परिवेश र समयसीमालाई दृष्टिगत गरी सकेसम्म कार्यान्वयन योग्य क्रियाकलापहरूलाई समावेश गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत योजना आयोगको रणनीतिक योजना हो । यसले मूलतः रणनीतिक रुपमा समेट्नुपर्ने सम्पूर्ण क्रियाकलापहरु विशेष गरी रणनीतिक प्रकृतिका र प्राथमिकतामा राख्नुपर्ने क्रियाकलापहरू समेटेको

छ । अर्को शब्दमा भन्नु पर्दा यसले आयोगको संस्थागत सुदृढीकरण र कार्यसञ्चालन दक्षताका लागि बढी आवश्यक ठानिएका प्राथमिकता प्राप्त विषय, लक्ष्य र कार्यहरूलाई समेटेको छ । सामान्यतया रणनीतिक योजना निर्माण गर्दा निर्देशात्मक (Prescriptive) र सांकेतिक (Indicative) दुवै तत्वहरू विद्यमान रहेका हुन्छन् । निर्देशात्मक योजना मुख्य परिस्थितिजन्य चलहरू (Variables) लाई नियन्त्रणमा राखिने (न्यूनतम अनिश्चितता) अवस्था वा क्रियाकलापको क्षेत्रमा मात्र लागू गर्न सकिन्छ । अर्कोतर्फ अनिश्चितता कायम रहने अवस्था वा क्रियाकलापका क्षेत्रमा निर्माण हुने योजनालाई सांकेतिक योजनानै मानिनुपर्छ । निर्वाचन सञ्चालनको हकमा तात्कालिक वा मध्यावधिमा आन्तरिक विषय (व्यवस्थापन/बन्दोबस्ती) का सम्बन्धमा सङ्गठनको कार्यक्षेत्र भित्र कार्यान्वयन गरिने क्रियाकलापहरूको लागि निर्देशनात्मक योजनानै सफल हुन्छ । साथै, दीर्घकालको लागि लक्षित गरी राजनीतिक, सामाजिक, आर्थिक, पूर्वाधारजन्य, वित्तीय र अन्य अनपेक्षित तत्वहरू जस्ता परिस्थितिजन्य चलहरूप्रति बढी नै संवेदनशील हुने क्रियाकलापहरूका सम्बन्धमा सांकेतिक योजनानै उपयुक्त हुन्छ । प्रस्तुत रणनीतिक योजना गर्दा पनि निर्देशात्मक र सांकेतिक दुवै पक्षलाई ध्यान दिईएको छ ।

माथि उल्लिखित सिद्धान्तकै आधारमा यसलाई एक खुला दस्तावेज मानी परिस्थितिजन्य परिवर्तन र अनुमान गर्न नसकिने कुराहरूलाई आत्मसात गर्न सक्ने मान्यता अनुरुप यो रणनीतिक योजना तयार पारिएको छ । यस सन्दर्भमा, यस दस्तावेजमा हाल कार्यान्वयन भइरहेका केही क्रियाकलापहरू (जस्तैः मतदाता नामावली अद्यावधिक कार्य) का साथै कुनै खास अवस्थामा मात्र कार्यान्वयन गर्न सकिने (जस्तैः निर्वाचनको घोषणा गरिएपछि मात्र मतदाता सूचना अभियान सुरू हुने) क्रियाकलापहरूलाई समेत समेटिएको छ । योजना कार्यान्वयनका चरणमा परिस्थिति अनुकूल हुने गरी आवश्यकता परेको हदसम्म परिवर्तन गर्न सकिने छ । अन्त्यमा, तीनवर्षीय कार्य योजनामा (२०७३/०७४-२०७५/०७६) मा समावेश गरिएका क्रियाकलापहरूले समयसीमा र विषयवस्तुका आधारमा पनि विशिष्टता आत्मसात गरेका छन् । साथै राजनीतिक, सङ्गठनात्मक र सामाजिक वातावरणमा आउने परिवर्तनले माग गरे बमोजिम यस योजनामा केही थप परिवर्तन तथा सान्दर्भिक समायोजन हुन सक्छ ।

आयोगबाट स्वीकृत ढाँचा बमोजिम नै यस रणनीतिक योजनालाई सङ्गठनको मूल्य, दुरदृष्टि, लक्ष्य र मार्गदर्शक सिद्धान्तहरूको संक्षिप्त विवरणसहित तयार पारिएको छ । त्यसपछि आयोगको सवलपक्ष, दुर्वलपक्ष, अवसर र चुनौती (Strength, Weakness, Opportunities and Threats:SWOT) को विश्लेषणबाट प्राप्त निष्कर्षको सारांश राखिएको छ । अर्को खण्डमा आगामी वर्षहरूमा विचार गर्नुपर्ने भनी पहिल्याइएका रणनीतिक विषयहरू एवं लक्ष्यहरू राखिएको छ । त्यसपछिका खण्डहरूमा विभिन्न आधारस्तम्भ र लक्ष्यहरूसँग सम्बन्धित रणनीतिक क्रियाकलापहरूको चर्चा गरिएको छ । दस्तावेजको अन्तिम खण्डमा योजना कार्यान्वयन गर्दाका बखत गरिने अनुगमन र मूल्याङ्कनको अवधारणा र कार्यविधिगत मार्गदर्शन उल्लेख गरिएको छ ।

# आयोगको रणनीतिक आधार स्तम्भ

**मूल्य (Core Value) : स्वच्छ र स्वतन्त्र निर्वाचनको माध्यमबाट लोकतन्त्रको सुदृढीकरण गर्ने ।**

**दूरदृष्टि (Vision): संविधान निर्दिष्ट निर्वाचनहरूलाई स्वच्छ र स्वतन्त्र रूपमा व्यवस्थापन गर्नको लागि आयोगलाई सक्षम र व्यवसायिक निकायको रूपमा संस्थागत गर्ने ।**

**अभियान (Mission): आयोगलाई निर्वाचन व्यवस्थापनको लागि सक्षम र सुदृढ निकायको रुपमा विकास गर्ने ।**

## मार्गदर्शक सिद्धान्तहरू (Guiding Principles):

### स्वायत्तता

स्वायत्तताका संरचनागत र व्यावहारिक गरी दुई पक्षहरू हुन्छन् । सस्थागत संरचनाको दृष्टिले निर्वाचन आयोग सरकारको कार्यकारी अङ्गबाट पृथक एवं संविधान बमोजिमको कार्यादेश प्राप्त स्वायत्त र अर्धन्यायिक संवैधानिक निकाय हो । व्यवहारिक दृष्टिकोणबाट यसका कामकारवाहीहरू कार्यकारी निकाय, राजनीतिक दल वा दबाव समूहहरूको हस्तक्षेपबिना सम्पादन हुने भएकोले आयोग स्वतन्त्र र स्वायत्त रहेको छ ।

### निष्पक्षता

निर्वाचन व्यवस्थापन एक बृहत्तर सार्वजनिक सेवा हो । यसले निर्वाचन सञ्चालन, व्यवस्थापन, रेखदेख र नियन्त्रण गर्दछ । यस प्रक्रियामा जनताको अभिमत स्वतन्त्र रूपमा अभिव्यक्त हुनको लागि आवश्यक पर्ने वातावरण विद्यमान रहेको कुरा निर्वाचन व्यवस्थापन गर्ने निकायले सुनिश्चित गर्दछ । यसको अर्थ निर्वाचन गराउने निकायले निर्वाचनको प्रतिस्पर्धामा भाग लिएका प्रतिपर्स्धी राजनीतिक दल, उम्मेदवार, व्यक्ति वा तिनका समर्थकहरूको पक्ष वा विपक्ष नलिईकन निष्पक्ष रूपमा समान व्यवहार गर्नुपर्छ भन्ने हो । यस अर्थमा आयोगले पनि सबै मतदाता, राजनीतिक दल, उम्मेदवार र अन्य सरोकारवाला पक्षहरूलाई निष्पक्षरूपमा समान व्यवहार गर्दछ भन्ने कुरा सुनिश्चित गर्नु पर्दछ ।

### समावेशिता

समावेशिताका दुई मुख्य आयामहरूले आयोगका कार्यहरूलाई निर्देशित गर्दछन् । प्रथमतः महिला, पिछडिएका क्षेत्र, सीमान्तकृत समूह, दलित र मधेसी समुदाय, अपाङ्गता भएका व्यक्तिहरूका साथै संविधानमा परिभाषित अन्य लक्षित समुह एवं समुदायहरूको निर्वाचनमा सहभागिता सुनिश्चित गर्ने । दोस्रो आयोगको सांगठनिक स्वरुप तथा जनशक्ति व्यवस्थापन गर्ने आन्तरिक नीति समेत समावेशिताको सिद्धान्तबाट निर्देशित हुनुपर्दछ । यस अनुरुप निर्वाचन व्यवस्थापनका प्रत्येक चरण र आयोगको आन्तरिक व्यवस्थापन समेत लैङ्गिक तथा समावेशी सिद्दान्तबाट निर्देशित हुनुपर्दछ ।

**पारदर्शिता**

आयोगले आफ्नो सम्पूर्ण कार्यसम्पादन गर्दा पारदर्शी प्रक्रिया अपनाउनु पर्दछ र जनताको नजरमा समेत पारदर्शी भएको देखिनु पर्दछ। पारदर्शिताको मुख्य सूचक ओयोगका निर्णय र कार्यसम्पादनका नतिजाहरूमा आम नागरिकको पँहुचको सुनिश्चितत हुनु, आम सञ्चारका माध्यमहरू र अन्य माध्यममार्फत् सर्वसाधारणसँग नियमित सञ्चार र अन्तरक्रियामा रहनु हो । त्यसरी सञ्चार र अन्तरक्रिया गर्दा जनभावना अनुरूप सेवाग्राहीमैत्री कार्यविधिहरूको अवलम्बन गर्नुपर्दछ।

**सेवाप्रवाह**

लोकतान्त्रिक राज्यले प्रदान गर्ने सार्वजानिक सेवाहरूमध्ये निर्वाचन सम्बद्ध सार्वजनिक सेवा समेत पर्ने भएकाले यससँग सम्बन्धित सार्वजनिक सेवाहरुलाई गुणस्तरीय र प्रभावकारी बनाउनका लागि आयोग र अन्तर्गतका सबै तहका संरचनाहरू मार्फत गुणस्तरीय सेवा छिटो र सहजै उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ। आयोगद्वारा घोषित परिणामले नै जनतामाझ वैधानिकता प्राप्ति गर्ने र यसरी निर्वाचित व्यक्तिहरुले नै संसद एवं सरकार मार्फत् मुलुकको शासन व्यवस्थामा सहभागिता जनाउने भएकोले वैधानिकताको आधार समेत निर्वाचन मार्फत् सुनिश्चित हुनुपर्दछ।

**व्यावसायिक दक्षता**

दक्ष, कुशल, उत्प्रेरित, नैतिक एवं व्यावसायिक रूपमा प्रतिबद्ध मानव संसाधनको प्राप्ति र विकास गरी आयोगले आफ्नो व्यावसायिक दक्षता सुनिश्चित गर्ने विषय यसमा समेट्नु पर्दछ।

**जिम्मेवारी र जवाफदेहिता**

जिम्मेवार र जवाफदेही बनेर आयोगले आफ्नो कर्तव्यहरू मात्र पूरा गर्दैन अपितु सम्बद्ध संस्थाहरू समक्ष सम्पादित कामको प्रतिवेदन सार्वजानिक गर्दछ र कार्यविधिगत रूपमा उत्कृष्टता हासिल गर्दछ। प्रचलित कानूनका साथै आयोगका पदाधिकारी र कर्मचारीहरूले आचार संहिताको पालना मार्फत जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गरिनु पर्दछ।

**सहभागितामूलक पद्धति**

निर्वाचन व्यवस्थापन एक सहभागितामूलक कार्य हो । राजनैतिक दल, नागरिक समाज, आम मतदाता लगायत अन्य सरोकारवालाहरूको सहकार्यबाट मात्रै निर्वाचनको स्वीकार्यता र विश्वसनीयता सुनिश्चित हुन सक्दछ। तसर्थ आयोगले सबै सरोकारवालाहरूको उत्कृष्ट सहभागिता र समन्वय कायम गर्दै निर्वाचनको माध्यमबाट लोकतन्त्रको संस्थागत विकासमा योगदान पुऱ्याउने प्रयास गर्नुपर्दछ। निर्वाचन सम्बन्धी कानून एवं नीति निर्माण र निर्वाचन सञ्चालनको कार्यलाई प्रभावकारी बनाउने काममा आयोगका अतिरिक्त विभिन्न सार्वजनिक संस्था र अन्य वाह्य सरोकारावालाहरू समेत संलग्न हुन्छन् । उदाहरणको लागि राजनीतिक दलहरू, सरकार, संसद, न्यायपालिका, सुरक्षा निकाय, गैरसरकारी संस्था तथा निजी व्यावसायिक फर्मसहितका अन्य वाह्य सरोकारवालाहरू समेत यस प्रक्रियामा सहभागी हुन्छन्। आयोगले निर्वाचन व्यवस्थापनमा संलग्न सबै पक्षहरू निर्वाचनको सार्वजनिक सेवालाई वास्तविक लोकतान्त्रिक कार्यका रूपमा सफलतापूर्वक सम्पन्न गर्ने अभिप्रायले साझेदारको रूपमा सहभागितामूलक पद्धतिबाट कार्य गर्न उत्सुक हुन्छन् भन्ने कुरा सुनिश्चित गर्न गर्नु पर्दछ ।

## विश्वसनीयता

आयोगले आफ्नो प्रतिबद्धता र व्यावसायिकताको माध्यमबाट एक विश्वास प्राप्त संस्थाको रूपमा नेपाली जनता एव अन्तर्राष्ट्रिय समुदायबाट मान्यता प्राप्त गर्नेछ ।

## लागत प्रभावकारिता

लागत प्रभावकारिता भन्नाले लागत र लाभबीचको अनुपात बुझिन्छ । लागत प्रभावकारिता असल व्यवस्थापनको प्रमुख सिद्धान्त भएकोले कुनै पनि सङ्गठन र सार्वजनिक सेवा प्रदायकले यस्तो सिद्धान्त अपनाउनु पर्दछ । अन्य सार्वजनिक सेवा (शान्तिसुरक्षा व्यवस्था वा शिक्षा) जस्तै निर्वाचनलाई पनि सकेसम्म लागत प्रभावी रूपमा सञ्चालन गर्नु पर्दछ । योजनाबद्ध, व्यावहारिक, यथार्थपरक र पारदर्शी रुपमा निर्णय गर्दा र त्यस्तो कार्यशैली अपनाउँदा लागत प्रभावकारिता हासिल गर्न मद्दत पुग्दछ । यस अर्थमा, कुनै पनि नीति परिवर्तन गर्नुपूर्व र तोकिएको कुनै क्रियाकलाप थालनी गर्नुपूर्व आयोगले लागत प्रभावकारितालाई ध्यान दिनेछ ।

## पूर्व क्रियाशीलता र नवप्रवर्तन

संस्थागत विकास, सङ्गठन संरचना र सेवा प्रवाहका सम्बन्धमा आयोगले पूर्व क्रियाशीलता र नव प्रवर्तनमा जोड दिइरहने छ । यसबाट आयोगले परिवर्तनलाई आत्मसात गर्न सक्ने क्षमता हाँसिल गर्नेछ ।

# सबलपक्ष, दुर्बलपक्ष, अवसर र चुनौतीहरूको विश्लेषण

**(Strengths, Weaknesses, Opportunities and Threats- SWOT Analysis)**

पहिलो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा तथा दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको निर्माण गर्ने सिलसिलामा आयोगले पाँच दिने योजना तर्जुमा सम्बन्धी कार्याशाला आयोजना गरेको थियो । उक्त कार्यशालामा समुहगत रुपमा संगठनको सबल एवं दुर्बल पक्ष तथा अवसर एवं चुनौतीको विश्लेषण गरिएको थियो । यसका अलावा आयोगका विभिन्न क्रियाकलापहरूमा आधारित पाँचवटा रणनीतिक स्तम्भहरू: संस्थागत विकास, सङ्गठन र क्षमता विकास; मतदाता दर्ता र निर्वाचन प्रविधि, निर्वाचन शिक्षा र सङ्गठनात्मक पहुँच एवं सामग्री व्यवस्थापन र निर्वाचन सञ्चालनमा केन्द्रित भई छलफल गरिएको थियो । रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन गर्दा भने संस्थागत विकास, सङ्गठन र क्षमता विकासलाई एउटै रणनीतिक स्तम्भमा समावेश गरी चारवटा रणनीतिक स्तम्भमा आधारित भई छलफल गरिएको थियो । संगठनको सबलपक्ष, दुर्वलपक्ष, अवसर र चुनौतिहरूको वारेमा गरिएको विश्लेषणको सारांश देहाय बमोजिम प्रस्तुत गरिएको छ । साथै क्रियाकलापका स्तम्भ अनुसारको विश्लेषण **अनुसूची ३** मा दिइएको छ ।

## सबलपक्ष

- लोकतन्त्रका आधारभूत मूल्य मान्यत प्रतिको सम्मान बढ्दै गएको,
- संवैधानिक रूपमा २०२३ सालमा स्थापना भएपछि फरक फरक परिस्थितिमा विभिन्न किसिमका निर्वाचनहरू व्यवस्थापन गरेको कारण आयोगसँग लामो संस्थागत अनुभव रहेको,
- यसका काम, कर्तव्य र अधिकारहरू संविधानमा नै निर्दिष्ट गरिएको,
- आयोग स्वतन्त्र संवैधानिक निकायको रूपमा रहेको,
- निर्वाचन व्यवस्थापनमा आयोगले खेलेको निष्पक्ष र व्यवसायिक भूमिकाको कारण राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा विश्वसनीयता आर्जन गर्न सफल भएको,
- कार्यसञ्चालनको लागि केन्द्रीय तहमा आयोग, सचिवालय र प्रादेशिक/स्थानीय तहमा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरु मार्फत् मुलुकभर आयोगको उपस्थिति रहेको कारण निर्वाचनसम्बन्धी कार्य देशव्यापी रूपमा सञ्चालन गर्न सक्ने संस्थागत क्षमता रहेको,
- आयोगमा अनुभव प्राप्त र व्यावसायिक रूपमा सक्षम मानव संसाधन बढ्दै गएको कारण आयोग अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम निर्वाचन सञ्चालन र व्यवस्थापनको लागि योजना तर्जुमा, कार्यान्वयन र अनगुमन तथा मूल्यांकन गर्ने क्षमता हाँसिल हुँदै गएको,
- निर्वाचन व्यवस्थापनका लागि सूचना प्रविधिको प्रयोग बढाउँदै लैजान सक्ने क्षमता विकास भइरहेको,
- आयोगको आन्तरिक संगठनात्मक व्यवस्थापन एवं निर्वाचन व्यवस्थापनका सबै प्रक्रिया/चरणहरूमा लैङ्गिकता र समावेशीकरणलाई जोड दिइएको,
- नेपाल सरकार लगायत अन्तर्राष्ट्रिय विकास साझेदार संस्था एवं अन्य सहयोगी संस्थाहरूबाट निर्वाचन व्यवस्थापनका लागि प्रभावकारी समन्वय र सहयोग रहेको ।

## दुर्बलपक्ष

- रणनीतिक योजनाका क्रियाकलाप एवं वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनबीच तादम्यता कायम हुन नसकेको,
- आयोग मातहतका धेरै जिल्लाहरूमा आफ्नै घरजग्गा/कार्यालय भवन नहुँदा निर्वाचन व्यवस्थापनका क्रियाकलापहरू संचालनमा कठिनाई महशुस हुने गरेको,
- सुरूमा तय गरिएका क्रियाकलाप सम्पन्न गर्न नसकिने अवस्थामा वैकल्पिक कार्यक्रमको अभाव भएको,
- प्रभावकारी अभिलेख व्यवस्थापन नहुँदा संस्थागत स्मरण कमजोर रहेको,
- निर्वाचनको कार्यमा संलग्न विशिष्ट ज्ञान, सीप, अनुभव र क्षमता भएका कर्मचारीहरूलाई संस्थाभित्र अभिप्रेरित गरी टिकाई राख्ने व्यवस्था हुन नसकेको,
- आयोगलाई वित्तीय स्वायत्तता नभएका कारण स-साना कार्यक्रमहरू गर्नका लागि पनि विकास साझेदार माथि निर्भर हुनु परेको,
- मतदाता नामावलीमा दर्ता हुन नसकेका मतदाताहरूको मतदाता नामावली दर्ता र मताधिकारको व्यवस्थापन गर्न नसकिएको,
- दण्ड र पुरस्कार प्रणाली कार्यान्वयन गर्न स्पष्ट तथा पारदर्शी कार्यविधिको अभावका साथै कर्मचारीहरूलाई गैरमौद्रिक प्रोत्साहन दिन नसकिएको,
- सञ्चार माध्यमको प्रभावकारी संलग्नताका बारेमा स्पष्ट योजनाको कमी रहेको,
- अनुगमन एवं मूल्याङ्कन सूचकमा आधारित नभएको,
- कार्य सम्पादन मापन गर्ने स्पष्ट आधार नभएको हुँदा कार्य सम्पादन मापन गर्ने वस्तुगत र वैज्ञानिक आधार नभएको हुँदा कार्य सम्पादन मुल्याङ्कन प्रणाली प्रभावकारी नभएको,
- निर्वाचन व्यवस्थापनमा ICT को प्रयोग पर्याप्त मात्रामा गर्न नसकिएको,
- लोकतन्त्र र निर्वाचनका सम्बन्धमा पर्याप्त अध्ययन अनुसन्धान नभएको ।

## अवसरहरू

- निर्वाचनको महत्व र मूल्यको बारेमा जनचासो र सरोकार बढ्दै गएको, जसको प्रमाणको रुपमा अर्को संविधानसभा सदस्य निर्वाचनमा अत्याधिक मतदाता सहभागिता रहेको,
- निर्वाचनप्रति राजनीतिक दलहरू प्रतिबद्ध रहेको,
- संविधान अनुरूप आयोगको पुर्नसंरचना गरी कमी कमजोरीहरू सुधार गर्ने अवस्था विद्यमान रहेको,
- हालसम्मका निर्वाचन व्यवस्थापनबाट राजनीतिक दल, आम मतदाता र अन्य सरोकारवालाहरूबीच आयोगप्रति विश्वसनीयता बढेको,
- निर्वाचन व्यवस्थापनका सबै चरणहरूमा सूचना प्रविधिको प्रयोग बढाउन राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्रोत प्राप्त गर्न सकिने अवस्था रहेको,

- आयोगले संकलन गरेको बायोमेट्रिक सहितको मतदाता नामावलीमा समावेश मतदाता विवरणलाई बहुउद्देश्यीय प्रयोग गर्न सकिने अवस्था रहेको,
- विद्युतीय मतदान उपकरणको प्रयोग बढाई बदर मत शुन्य हुने, मतगणनाको गुणस्तर र शुद्धता बढ्ने तथा मतपेटिकामा हुने निर्वाचनसम्बन्धी कठिनाईहरु न्यून हुने सम्भावना रहेको,
- तालिम, अध्ययन भ्रमण तथा अवलोकनको अवसरबाट कर्मचारीहरूको क्षमता विकास हुने अवस्था विद्यमान रहेको ,
- दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको मञ्च (फेम्बोसा) र अन्य एसियाली निर्वाचन व्यवस्थापन निकायहरुसँगको सहकार्यबाट आयोगको व्यावसायिकतामा वृद्धि हुने अवस्था रहेको ।

## चुनौतीहरू

- संवैधानिक व्यवस्था बमोजिम सम्पन्न गर्नुपर्ने आवधिक निर्वाचनको समय तालिका निर्धारण गरी समयमै निर्वाचन सञ्चालन गर्ने वातावरण सिर्जना गर्नु,
- राजनीतिक दलहरूको निर्वाचनप्रतिको प्रतिबद्धता र आयोगसँगको सहयोग, समन्वय र सहकार्य बढाउनु,
- संवैधानिक व्यवस्था अनुरूप आयोगको पुर्नसंरचना गर्नु,
- आयोगले आफ्नो कार्यसम्पादनको लागि आवश्यक पर्ने सामग्री, मानव संसाधन, वित्तीय श्रोतको लागि सरकारमाथि निर्भर हुनुपर्ने अवस्थाको अन्त्य गर्नु,
- दाताहरुको सहयोगमाथिको बढ्दो परनिर्भरता कम गर्नु,
- आयोगको संस्थागत स्मरणमा प्रभाव पर्ने गरी कर्मचारी संयन्त्रमा हुने छिटोछिटो परिवर्तनलाई रोकी कर्मचारीको स्थायित्व सुचिश्चित गर्नु,
- कर्मचारीहरूलाई ICT को प्रयोगमा सक्षम बनाउन उनीहरूको क्षमता विकास गर्नु,
- निर्वाचनसम्बन्धी कार्यमा मुलुकको भौगोलिक, सामाजिक, जातीय, सांस्कृतिक तथा धार्मिक विविधताको सकारात्मक व्यवस्थापन गर्नु,
- मतदाता नामावलीमा दर्ता हुन नसकेका मतदाताहरूको मतदाता दर्ताका लागि गर्नुपर्ने कानूनी र नीतिगत व्यवस्थाको लागि प्रयास गर्नु,
- आयोगका विद्युतीय सूचनाहरुको सुरक्षा र संरक्षण गर्नु,
- निर्वाचन शिक्षालाई लक्षित वर्ग र समूहसम्म सघन रूपमा सञ्चालन गर्नु ।

# रणनीतिक सवाल तथा लक्ष्यहरूको पहिचान

## रणनीतिक सवालहरू

रणनीतिक सवालहरूलाई चारवटा रणनीतिक स्तम्भहरूमा समूहकृत गरी प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत क्रियाकलापहरुको पहिचान गरिएको छ । सोही अनुसार आयोगका क्रियाकलापलाई कार्यक्रममा ढाली कार्यान्वयन गर्ने सोच बनाइएको छ । तदनुसार प्रत्येक स्तम्भ अन्तर्गत देहायका विषय क्षेत्रहरू पहिचान गरिएका छन् :

**स्तम्भ १ : आयोगको संस्थागत सुदृढीकरण र क्षमता विकास**

**क) आयोगको संस्थागत सुदृढीकरण**

- आयोगको सांगठनिक पुनर्संरचना गर्ने,
- आयोगको संवैधानिक⁄कानूनी अधिकारको प्रयोग, दायित्वको पालना र जवाफदेहिता बहन गर्ने,
- आयोग, सचिवालय तथा मातहतका कार्यालयहरुबीच प्रभावकारी समन्वय गर्ने ।

**ख) रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन**

- योजना तर्जुमालाई संगठनात्मक संस्कृति र अभ्यासको रुपमा विकास गर्ने,
- वार्षिक कार्ययोजना र कार्यतालिका तयार गर्ने ।

**ग) निर्वाचनसम्बन्धी कानूनी प्रारुप**

- निर्वाचनसम्बन्धी कानूनहरुलाई  व्यवस्थित गर्ने,
- राजनीतिक दल व्यवस्थापनसम्बन्धी कानून निर्माण गर्ने,
- निर्वाचनसम्बन्धी विषयमा उजुरी, सुनुवाइ र विवाद निरुपण प्रक्रिया र संयन्त्रलाई सरलीकरण गर्ने।

**घ) आयोगका क्रियाकलापहरुलाई स्वचालित (Automation) प्रणालीमा आधारित बनाउने**

- आयोगको दैनिक कार्य संचालनलाई कम कागज प्रयोग गर्ने प्रणालीमा लैजान कार्यसरलीकरण र स्वचालित बनाउने,
- सूचना प्रविधिको प्रयोगलाई बढाउँदै आयोगलाई ICT मैत्री बनाउने ।

**ङ) निर्वाचन व्यवस्थापनमा वैदेशिक सहायता परिचालनलाई प्रभावकारी बनाउने**

- वैदेशिक सहायता प्राप्त गर्दा विकास सहायता नीति, २०७१ बमोजिम गर्ने,
- अन्य देशका निर्वाचन व्यवस्थापन निकायहरूसँगको सम्बन्ध र समन्वय विस्तार गर्ने,
- निर्वाचन व्यवस्थापनसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँगको आवद्धता विस्तार गर्न प्रयत्न गर्ने,
- निर्वाचन आयोगको आवश्यकता अनुसार कार्यक्रम संचालनको लागि सहकार्य गर्ने ।

**च) पूर्वाधार विकास**

- मातहत निकायका लागि जग्गा प्राप्ति गर्ने,
- मातहतका कार्यालयहरुको भवन निर्माण तथा मर्मत संभार गर्ने,
- सूचना तथा सञ्चार प्रविधि (ICT) सम्बन्धी पूर्वाधार विकास गर्ने ।

**छ) मानव स्रोत विकास**

- कर्मचारीहरूलाई तालिम र अध्ययन/अवलोकनको अवसर सिर्जना गर्ने,
- मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन दिने,
- वृत्ति विकासका अवसर उपलब्ध गराउने,
- सामाजिक सुरक्षाका क्षेत्रमा प्रोत्साहन ।

**ज) सञ्चार माध्यम र सञ्चार**

- प्रेस कार्यविधि निर्माण,
- आधुनिक प्रविधिमा आधारित मिडिया सेन्टर,
- निर्वाचनको सन्दर्भमा सञ्चार माध्यमको अनुगमन (Media Monitoring) ।

**झ) लैङ्गिक मूलप्रवाहीकरण**

- निर्वाचनका सबै प्रकृयाहरूमा लैङ्गिक सहभागिता वृद्धि गर्ने,
- निर्वाचन व्यवस्थापनका सबै चरणमा समावेशी सिद्दान्तको अवलम्बन गर्ने ।

**स्तम्भ २ : मतदाता दर्ता र निर्वाचन प्रविधि**

**क) मतदाता दर्ता**

- मतदाता दर्ता निरन्तर रूपमा गर्ने,
- मतदाता नामावलीलाई नियमित रूपमा अद्यावधिक गर्ने (नयाँ मतदाता दर्ता तथा अद्यावधिक),
- लक्षित समूहमा आधारित मतदाता दर्ता (युवा, ग्रामीण बस्ती, महिला दलित र सीमान्तकृत समुदाय) गर्ने,
- मतदाता दर्ता कार्यलाई विकेन्द्रीकरण गर्ने,
- मतदाता दर्तामा हुने विवाद निरूपण प्रक्रियालाई सरल र सहज बनाउने,
- मतदाता दर्ता विवरण फाराम व्यवस्थापनको लागि उपयुक्त कार्यविधि बनाउने,
- मतदाता नामावलीमा रहेका दोहोरोपना हटाउने,
- मतदाताको गोपनीयताको संरक्षण गर्ने,
- मुलुक बाहिर रहेका मतदाताको दर्ता तथा मतदान व्यवस्था सम्बन्धमा आवश्यक कार्य गर्ने,
- मतदाता पहिचानका लागि मतदाता परिचयपत्र तयार पार्ने,

- मतदाता नामावली संकलन र व्यवस्थापनमा प्रविधिको प्रयोग बढाउने,
- डाटा सेन्टरको स्थापना र सञ्चालन गर्ने ।

**ख) राजनीतिक दल दर्ता तथा व्यवस्थापन**

- राजनीतिक दल दर्ताका लागि समर्थक मतदाताको हस्ताक्षरको पहिचानलाई वैज्ञानिक बनाउने,
- राजनीतिक दल दर्ता प्रक्रियालाई सरल, सहज र प्रविधिमैत्री बनाउने
- राजनीतिक दलको व्यवस्थापनलाई थप प्रभावकारी बनाउने ।

**स्तम्भ ३ : निर्वाचन शिक्षा र संगठनात्मक पहुँच (Outreach)**

**क) मतदाता शिक्षा र सूचना**

- मतदाता शिक्षा संचालनको कार्यविधि, कार्यशैली, प्रक्रिया तथा अपेक्षित परिणाम निश्चित गर्ने,
- माध्यमिक तहमा सामाजिक शिक्षा अध्यापन गर्ने सबै शिक्षकहरूलाई निर्वाचन शिक्षा र सूचना सम्बन्धी तालिम दिने,
- Mobile EEIC मार्फत मतदाता शिक्षालाई समुदाय तहसम्म विस्तार गर्ने,
- उपयुक्त प्रशिक्षण सामग्री र प्रविधिको प्रयोग गर्ने,
- युवा, महिला लगायत सीमान्तकृत मतदाता र अपांगता भएका व्यक्ति केन्द्रित मतदाता शिक्षा कार्यक्रम संचालन गर्ने ।

**ख) निर्वाचन शिक्षा तथा सूचना केन्द्रको सबलीकरण र विस्तार**

- सूचना केन्द्रलाई प्रादेशिक/ क्षेत्रीय तहसम्म विस्तार गर्ने,
- निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्तरोन्नति गर्ने,
- निर्वाचन शिक्षा तथा सूचना केन्द्र SAIDES दक्षिण एसियाली क्षेत्रमा लोकतन्त्र र निर्वाचनका विषयमा अध्ययन अनुसन्धान गर्ने संस्थाका रुपमा विकास गर्न पहल गर्ने ।

**ग) मतदाता शिक्षा र सूचनामा लैङ्गिक तथा समावेशिताको मूलप्रवाहीकरण**

**घ) अपाङ्गता भएका व्यक्तिलाई मतदानमा सहयोग**

**ङ ) सरोकारवालाहरूसँगको समन्वय र सहकार्य**

**स्तम्भ ४ : निर्वाचन व्यवस्थापन**

**क) निर्वाचन सामग्री व्यवस्थापन**

**ख) निर्वाचन कार्यसञ्चालन योजना**

**ग) निर्वाचन सुरक्षा र जोखिम व्यवस्थापन**

**घ) मतदानस्थल/मतदानकेन्द्रहरूको स्तरोन्नति**

**ङ) वैकल्पिक मतदान व्यवस्था**

**च) निर्वाचन सञ्चालनसँग सम्बन्धित अन्य संस्थाहरूसँगको समन्वय ।**

## रणनीतिक लक्ष्यहरू

माथि उल्लिखित चारवटा रणनीतिक स्तम्भ अन्तर्गत १८ वटा रणनीतिक लक्ष्यहरू पहिचान गरिएका छन् । पहिचान गरिएका रणनीतिक लक्ष्यहरू देहाय बमोजिम रहेका छन् :

### स्तम्भ १ : संस्थागत तथा क्षमता विकास

लक्ष्य १ : आयोगको संस्थागत क्षमता सुदृढ गर्ने,

लक्ष्य२ : योजना प्रक्रियालाई सुदृढ तुल्याउने,

लक्ष्य३ : संविधान अनुकुल हुने गरी निर्वाचन सम्बन्धी कानूनमा सुधार गर्ने,

लक्ष्य ४: निर्वाचन व्यवस्थापनमा अन्तराष्ट्रिय संघ संस्थासँगको आवद्दता र वैदेशिक सहायता परिचालन,

लक्ष्य ५ : आयोग अर्न्तगतका कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्ने,

लक्ष्य ६ : मानव संसाधनको क्षमता अभिवृद्धि गर्ने,

लक्ष्य ७ : सञ्चार माध्यमसँगको सहकार्य सुदृढ गर्ने ।

### स्तम्भ २ : दर्ता र निर्वाचनमा प्रविधि

लक्ष्य ८ : सबै योग्य मतदाताहरूको नाम दर्ता निरन्तर रुपमा हुने विषय सुनिश्चित गर्ने,

लक्ष्य ९ : राजनीतिक दलको दर्ता कार्यलाई प्रभावकारी र व्यवस्थित गर्ने,

लक्ष्य १०: सूचना प्रविधिको प्रयोग गरी निर्वाचन व्यवस्थापन सुदृढ गर्ने ।

### स्तम्भ ३ : निर्वाचन शिक्षा र सङ्गठनात्मक पहुँच

लक्ष्य ११ : मतदाता शिक्षामा विस्तार गर्ने,

लक्ष्य १२ : निर्वाचन शिक्षा तथा सूचना केन्द्रलाई क्रमशः विस्तार गर्ने,

लक्ष्य १३ : लोकतन्त्र र निर्वाचनका लागि दक्षिण एशियाली अध्ययन केन्द्र स्थापना गर्ने,

लक्ष्य १४ : निर्वाचन व्यवस्थापनका सबै तहमा लैङ्गिकता तथा समावेशिता सुनिश्चितता गर्ने,

लक्ष्य १५: निर्वाचनसँग सम्बन्धित सरोकारवालाहरू मुख्य गरी राजनीतिक दल तथा उम्मेद्वारसँगको समन्वय र साझेदारीलाई सुदृढ गर्ने ।

### स्तम्भ ४ : निर्वाचन व्यवस्थापन

लक्ष्य १६ : मतदातामैत्री निर्वाचन सञ्चालन गर्ने,

लक्ष्य १७ : सामग्री व्यवस्थापन थप प्रभावकारी रूपमा गर्ने,

लक्ष्य १८ : निर्वाचनमा तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषणको व्यवस्थापन गर्ने ।

# दोस्रो पञ्चवर्षीय रणनीतिक योजना २०७१/०७२ - २०७५/०७६

## मुख्य क्रियाकलापहरू

पाँच वटा रणनीतिक स्तम्भ, १७ वटा रणनीतिक लक्ष्यहरूर ९१ वटा क्रियाकलापहरू सहित दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२ - २०७५/०७६ र सोको दुईवर्षीय कार्ययोजना (२०७१/०७२ - २०७२/०७३) समेत तर्जुमा गरी कार्यान्वयन गरिएको थियो । दुईवर्षीय कार्ययोजनाको कार्यन्वयन अवधि २०७३ असार मसान्तमा समाप्त भएको छ । तत् पश्चात कार्यन्वयन गरिएको दुईवर्षीय कार्ययोजनाको समीक्षा गर्नुका साथै दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधिक मुल्याङ्कन समेत सम्पन्न गरिएको छ । मध्यावधिक समीक्षा पश्चात उक्त रणनीतिक योजनाको दुरदृष्टि (Vision) र अभियान (Mission) सहित रणनीतिक स्तम्भ र रणनीतिक लक्ष्यहरूमा समेत केही परिमार्जन गरी रणनीतिक योजनाको बाँकी अवधिका लागि तीनवर्षीय कार्ययोजना (२०७३/०७४ - २०७५/०७६) समेत तर्जुमा गरिएको छ । यस अनुसार रणनीतिक योजनाका ४ वटा रणनीतिक स्तम्भ, १८ वटा रणनीतिक लक्ष्य र १२६ वटा क्रियाकलापहरू समावेश गरी रणनीतिक योजनामा परिमार्जन गरिएको छ । रणनीतिक योजना परिमार्जन गर्दा रणनीतिक योजनाको मध्यावधिक मूल्याङ्कन र दुईवर्षीय कार्ययोजनाको समीक्षाबाट प्राप्त पृष्टपोषण, २०७२ असोज ३ गते नेपालको संविधान जारी भएपछिको विशिष्ट परिस्थिति, समग्र वातावरणीय पक्ष, राजनीतिक वातावरण र निर्वाचन व्यवस्थापनका लागि आवश्यक पर्ने प्राविधिक पक्षहरूमा समेत पर्याप्त छलफल गरिएको छ ।

यस खण्डमा परिमार्जित दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाका रणनीतिक लक्ष्यहरूका आधारमा पहिचान गरिएका क्रियाकलापहरूको वारेमा चर्चा गरिएको छ । पहिलो भागमा पहिचान गरिएका क्रियाकलापहरू कार्यान्वयन गर्दा आइपर्न सक्ने जोखिमका तत्वहरू उल्लेख गरिएको छ । त्यसपछि **तालिका नं.१** मा रणनीतिक स्तम्भ र रणनीतिक लक्ष्य अनुसारका क्रियाकलापहरूलाई कार्य सम्पादन मापन गर्ने सूचकहरू र कार्य सम्पादन मापन गर्ने आधारहरू सहित प्रस्तुत गरिएको छ । क्रियाकलापहरूसँगै प्रस्तुत गरिएका कार्य सम्पादन मापन गर्ने सूचकहरू र कार्य सम्पादन मापनका आधारहरूले क्रियाकलापहरूको कार्यान्वयन पश्चात अनुगमन र मूल्याङ्कनका लागि आधार उपलब्ध गराउने विश्वास गरिएको छ ।

### जोखिमका कारक तत्वहरूको पहिचानः

यो रणनीतिक योजना कार्यन्वयन गर्ने सिलसिलामा आउन सक्ने सम्भाव्य जोखिमका कारक तत्वहरू समेत पहिचान गरिएको छ । पहिचान गरिएका जोखिमहरूलाई देहाय अनुसार रहेका छन् ।

१. सम्पर्क र समन्वय गर्ने वाह्य निकायहरूको अपेक्षित सहयोगको कमी हुन सक्ने,
२. आयोग बाहेकका सरोकारवाला निकायहरूको तदारूकता कमी आउन सक्ने,
३. यो रणनीतिक योजना कार्यन्वयन गर्न दक्ष जनशक्तिको कमी हुन सक्ने,
४. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्रविधिको उपयोगमा कठिनाई आउन सक्ने,
५. आयोगको प्राथमिकता अनुरूपका क्रियाकलापमा विकास साझेदार संस्थाको अपेक्षित सहयोगमा कमी हुन सक्ने ।

## तालिका नं. १

## दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२ - २०७५/०७६

## रणनीतिक स्तम्भ र रणनीतिक लक्ष्य अन्तर्गत पहिचान गरिएका क्रियाकलापहरू (मापनयोग्य सूचक र कार्यसम्पादन मापनको आधारसहित)

| लक्ष्य र क्रियाकलाप संख्या | क्रियाकलाप | मापनयोग्य सूचकहरु | कार्यसम्पादन मापनका आधारहरु | कैफियत |
|---|---|---|---|---|
| **स्तम्भ १: निर्वाचन आयोगको संस्थागत क्षमता विकास** | | | | |
| **लक्ष्य १: निर्वाचन आयोगको संस्थागत क्षमता सुदृढ गर्ने** | | | | |
| १ | आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्ने | • क्षमता विकासका लागि पहिचान भएका विषयहरूको विवरण<br>• तालिम प्राप्त कर्मचारीहरूको संख्या र स्थायित्व<br>• संस्थागत क्षमता अभिबृद्धिका लागि सञ्चालित कार्यक्रमहरूको संख्या | • आयोगको वार्षिक प्रतिवेदनहरू,<br>• संस्थागत क्षमता विकासका लागि आवश्यकता पहिचान गर्न कार्यदल गठन गरी प्राप्त प्रतिवेदन,<br>• क्षमता विकासका लागि सञ्चालित कार्यक्रमहरूको प्रतिवेदन । | |
| २ | आवश्यक जनशक्ति तथा वित्तीय श्रोतको व्यवस्था गर्ने | • परिचालित दक्ष/तालिम प्राप्त कर्मचारीहरूको सख्या<br>• परिचालन भएको कूल वित्तीय श्रोत | • आयोगका वार्षिक प्रतिवेदनहरू<br>• आयोगको स्वीकृत वार्षिक कार्यक्रमतथा बजेट | |
| ३ | आयोगको संगठन संरचनामा सुधार गर्ने | • कार्यान्वयन भएको आयोगको संगठन संरचना | • स्वीकृत भएको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन (O&M Survey Report) | |

| लक्ष्य र क्रियाकलाप संख्या | क्रियाकलाप | मापनयोग्य सूचकहरु | कार्यसम्पादन मापनका आधारहरु | कैफियत |
|---|---|---|---|---|
| ४ | आयोगको नीति, संस्थागत संरचना र कार्यप्रणालीमा लैंगिकता र समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने | ● आयोगको वार्षिक कार्यक्रममा समावेश र कार्यान्वयन भएका कार्यक्रमको संख्या<br>● आयोग र मातहत निकायको संरचनामा लैंगिक तथा समावेशी समूहका पदाधिकारी/कर्मचारी/व्यक्तिको संख्या<br>● लैंगिकता र समावेशीकरणको विषय समावेश भएको नीति/ऐन/नियमाली/कार्यविधी/निर्देशिकाको संख्या | ● लैङ्गिक तथा समावेशी परीक्षण प्रतिवेदन<br>● आयोगको वार्षिक प्रतिवेदनहरू<br>● आयोगबाट स्वीकृत विभिन नीति/नियम/निर्देशिका/कार्यविधि<br>● निर्वाचनसँग सम्बन्धी कानूनहरु<br>● विभिन्न वर्षका स्वीकृत वार्षिक कार्यक्रमहरू | |
| ५ | आयोगको निर्णयलाई सरल, वस्तुनिष्ठ, थप पारदर्शी र जवाफदेही बनाउन मानकहरू तयार गर्ने | ● स्वीकृत भई कार्यान्वयनमा रहेको मानक/मापदण्डहरु<br>● निर्णय प्रक्रियामा **ICT** प्रयोगको अवस्था | ● तयार भई निर्णय भएका मानक/मापदण्डहरु<br>● निर्णय प्रक्रियामा **ICT** को प्रयोग बढाउन भएका निर्णयहरू<br>● प्रयोगमा रहेका **ICT** उपकरणहरूको लगत | |
| ६ | प्रतिवेदन प्रणाली र अभिलेखन पद्धतिमा सुधार गरी संस्थागत स्मरणलाई प्रभावकारी बनाउने | ● सुधारका लागि अध्ययन अनुसन्धान गरेको विषय र संख्या<br>● विद्युतीय अभिलेखको संख्या<br>● बरबुझारथ भएको संख्या<br>● बरबुझारथको विधुतीय अभिलेख प्रणाली<br>● डिजिटाइज भएका दस्तावेजहरूको संख्या | ● सुधारका लागि अध्ययन/अनुसन्धान भई प्राप्त प्रतिवेदनहरू<br>● Digital Archiving<br>● बरबुझारथ गरिएका अभिलेख | |

| लक्ष्य र क्रियाकलाप संख्या | क्रियाकलाप | मापनयोग्य सूचकहरु | कार्यसम्पादन मापनका आधारहरु | कैफियत |
|---|---|---|---|---|
| ७ | आयोगको कार्यसम्पादनलाई सूचना प्रविधिमैत्री बनाउने | • विद्युतीय अभिलेखको संख्या<br>• विद्युतीय प्रतिवेदनको संख्या<br>• इमेल प्रयोग गर्ने कर्मचारीहरुको संख्या<br>• Intranet System को प्रयोगको अवस्था | • सूचना प्रणाली व्यवस्थापन (MIS)<br>• विद्युतीय अभिलेखको लगत<br>• कार्यान्वयनमा रहेको विद्युतीय प्रतिवेदन प्रणाली<br>• अन्तरशाखा समन्वयका लागि आयोगमा रहेको Group Email/Intranet System | |
| ८ | आयोगबाट सम्पादन हुने कार्यहरू (जस्तै मतदाता नामावली सङ्कलन, निर्वाचन सञ्चालन, मतगणना आदि) को प्रक्रियागत सरलीकरण गरी छिटो छरितो ढंगले सम्पादन हुने व्यवस्थागर्नको लागि EPA (Electoral Process Analysis) गरी सुधारको खाका प्रस्तुत गर्ने | • प्रस्तुत गरिएको सुधारको खाकाको दस्तावेज | • EPA (Electoral Process Analysis) गरी पेश भएको प्रतिवेदन<br>• आयोगको वार्षिक प्रतिवेदनहरू | |
| ९ | आयोग र मातहतका निकायबीच आधिकारिक Email System को पहुँच र प्रयोग अनिवार्य गर्ने | • इमेल प्रयोग गर्ने कर्मचारीहरुको संख्या<br>• आधिकारिक Email System | • Email System<br>• आयोगको वार्षिक प्रतिवेदनहरू | |
| **लक्ष्य २: योजना प्रक्रियालाई सुदृढ तुल्याउने** | | | | |
| १० | वार्षिक योजना तथा कार्यक्रमलाई राष्ट्रिय नीति तथा आयोगको रणनीतिक योजनासँगतादम्यता कायमगर्ने | • वार्षिक योजना तथा कार्यक्रममा समावेश गरिएका रणनीतिक योजना अनुरुपका क्रियाकलापहरूको संख्या<br>• वार्षिक कार्यक्रम तर्जुमा गोष्ठी र | • विभिन्न वर्षका आयोगको स्वीकृत वार्षिक कार्यक्रम<br>• आयोगको वार्षिक प्रतिवेदनहरू<br>• कार्यान्वयन गरिएका मुख्य-मुख्य कार्यक्रमहरूको प्रगति प्रतिवेदन<br>• रणनीतिक योजना, वार्षिक योजना र कार्यक्रम अनुगमन तथा | |

| लक्ष्य र क्रियाकलाप संख्या | क्रियाकलाप | मापनयोग्य सूचकहरु | कार्यसम्पादन मापनका आधारहरु | कैफियत |
|---|---|---|---|---|
| | | सहभागीहरूको संख्या<br>● रणनीतिक योजना वार्षिक कार्यक्रमको समीक्षा र प्राप्त पृष्ठपोषणको उपयोग | मूल्यांकन प्रतिवेदन | |
| ११ | योजना प्रक्रियालाई यथार्थपरक बनाउन तथ्याङ्कहरूको प्रयोग गर्ने (आवश्यकता अनुसार एकीकृत र खण्डीकृत तथ्याङ्क संकलन र उपयोग गर्ने) | ● छपाई गरी प्रकाशन भएको तथ्यांक पुस्तिका<br>● वेवसाइटमा राखिएको तथ्यांक विवरण<br>● व्यवस्थापन सूचना प्रणाली | ● Baseline Data<br>● अद्यावधिक गरिएको तथ्याङ्को विवरण<br>● तयार गरिएका एकीकृत तथा खण्डिकृत तथ्याङ्कहरूको विवरण<br>● व्यवस्थपन सूचना प्रणालीको उपयोगको लगत | |
| १२ | सूचकमा आधारित अनुगमन तथा मूल्यांकन प्रणाली कार्यान्वयन गर्ने | ● कार्यन्वयनमा रहेको सूचकसहितको अनुगमन तथा मूल्यांकन कार्यविधि<br>● आन्तरिक र तेस्रो पक्षबाट अनुगमन तथा मूल्यांकन गराई प्राप्त सुझाव सहितको प्रतिवेदनको संख्या | ● सूचकसहितको अनुगमन कार्यविधि<br>● प्रमुख कार्यक्रमहरुको आन्तरिक र तेस्रो पक्षबाट अनुगमन तथा मूल्यांकन गराई प्राप्त प्रतिवेदन<br>● आयोगको वार्षिक प्रतिवेदनहरू | |
| १३ | आयोगको वार्षिक योजना तथा कार्यक्रम तर्जुमा, मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन अनलाईन पद्धतिमा गर्ने | ● अनलाईनमा आधारित भई तर्जुमा गरिएको वार्षिक योजना तथा कार्यक्रमको संख्या<br>● अनलाईनमा आधारित भई प्रगति प्रतिवेदन पठाइएको संख्या | ● LMBIS<br>● स्वीकृत वार्षिक योजना तथा कार्यक्रम<br>● Online Reporting System | |
| **लक्ष्य ३: संविधानसँग अनुकूल हुने गरी निर्वाचन सम्बन्धी कानून सुधार गर्ने** | | | | |
| १४ | संविधान अनुरुप निर्वाचन सम्बन्धी ऐनहरूमा समसामयिक सुधार गर्ने | ● प्रारम्भिक मस्यौदा तयार गरी पेश भएको ऐनको संख्या | ● ऐनको प्रारम्भिक मस्यौदा तयार गरी पेश गरिएको प्रतिवेदन<br>● आयोगको वार्षिक प्रतिवेदनहरू | ● |

| लक्ष्य र क्रियाकलाप संख्या | क्रियाकलाप | मापनयोग्य सूचकहरु | कार्यसम्पादन मापनका आधारहरु | कैफियत |
|---|---|---|---|---|
| १५ | निर्वाचन व्यवस्थापनका लागि आवश्यक पर्ने नीति, नियमावली, निर्देशिका र कार्यविधि आदि तर्जुमा/सुधार गरी कार्यान्वयन गर्ने | • तर्जुमा/सुधारका लागि गठन भएका कार्यदलको संख्या<br>• तर्जुमा/सुधार गरी कार्यान्वयन गरिएको नीति, नियमावली, निर्देशिका र कार्यविधि आदिको संख्या<br>• कार्यान्वयनबाट प्राप्त नतिजाहरू | • निर्वाचन व्यवस्थापनका लागि आवश्यक पर्ने नीति, नियमावली, निर्देशिका र कार्यविधिस्वीकृति वा परिमार्जनका लागि आयोगबाट भएको निर्णय<br>• आयोगको वार्षिक प्रतिवेदन | • |
| १६ | राजनीतिक दल व्यवस्थापन र निर्वाचन विवाद निरूपण सम्बन्धी नवीन अवधारणाहरुको बारेमा आवश्यक अध्ययन अनुसन्धान गर्ने | • अध्ययन अनुसन्धान प्रतिवेदनको संख्या<br>• गठन भएको अध्ययन टोली/ कार्यदलको संख्या | • अध्ययन अनुसन्धान गर्न कार्यदल गठनका लागि भएका निर्णयहरू<br>• अध्ययन टोली/कार्यदलबाट प्राप्त प्रतिवेदन<br>• आयोगको वार्षिक प्रतिवेदनहरू | |
| १७ | मतपत्रमा "नोटा" सम्बन्धी व्यवस्था समावेश गर्न आवश्यक अध्ययन गर्ने | • अध्ययन प्रतिवेदनको संख्या<br>• गठन भएको अध्ययन टोली | • अध्ययनका लागि कार्यदल गठन गर्न भएका निर्णयहरू,<br>• कार्यदलले अध्ययन गरी पेश गरेको प्रतिवेदन,<br>• आयोगको वार्षिक प्रतिवेदनहरू । | |
| **लक्ष्य ४: निर्वाचन व्यवस्थापनमा अन्तर्राष्ट्रिय संघ संस्थासँगको आवद्धता र वैदेशिक सहायता परिचालन** | | | | |
| १८ | वैदेशिक सहायताको परिचालन विकास सहायता नीति, २०७१ बमोजिम गर्ने | • वैदेशिक सहयोगमा सञ्चालन गर्न स्वीकृत भएका परियोजनाहरुको सूची (Project Bank)<br>• वैदेशिक सहायता प्राप्ति र परिचालन गर्न भएको सम्झौतामा उल्लेख भएका विकास सहायता नीति बमोजिमका प्रावधानहरू<br>• वैदेशिक सहायतामा परिचालित | • वैदेशिक सहायता प्राप्ति र परिचालनका लागि विकास साझेदार संस्थाहरूसँग भएको सम्झौताको लगत<br>• वैदेशिक सहयोग परिचालन सम्बन्धी प्रतिवेदनहरु | |

| लक्ष्य र क्रियाकलाप संख्या | क्रियाकलाप | मापनयोग्य सूचकहरु | कार्यसम्पादन मापनका आधारहरु | कैफियत |
|---|---|---|---|---|
| | | परियोजनाहरू र दातृ निकायहरूको संख्या<br>● परिचालन भएको वैदेशिक सहयोगको रकम (आवधिक) | | |
| १९ | अन्य देशका EMB हरुसँगको सम्बन्ध र समन्वय विस्तार गर्ने | ● MoU भएका EMB हरूको संख्या<br>● समन्वय र सहकार्यका लागि भएको पत्राचार र वैठकको संख्या | ● अन्य देशका EMB हरूसँग समन्वय र सहकार्य गर्नका लागि भएका MoU<br>● EMB हरुसँग भएका पत्राचारको विवरण | |
| २० | निर्वाचन व्यवस्थापनसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँगको आवद्धता विस्तार गर्न पहल गर्ने | ● आवद्धता विस्तार भएका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको संख्या | ● क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँगको आवद्धता विस्तारका विवरणहरू<br>● आयोगको वार्षिक प्रतिवेदनहरू | |
| २१ | साझेदार निकायहरुसँग निर्वाचन आयोगको आवश्यकतानुसारका कार्यक्रम संचालनका लागि सहकार्य गर्ने | ● सहकार्य भएका संस्था/निकायहरूको संख्या<br>● सहकार्य गरिएका कार्यक्रम/क्रियाकलापहरुको संख्या | ● सहकार्य सम्बन्धी निर्णय तथा सम्झौताहरु<br>● आयोगको वार्षिक प्रतिवेदनहरू | |
| **लक्ष्य ५: आयोग अन्तर्गगतका कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्ने** | | | | |
| २२ | आयोग र मातहत कार्यालयहरूका लागि आवश्यक पर्ने पूर्वाधारहरू जस्तै घरजग्गा प्राप्ति र निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोतको लागि लाभ/लागतको अध्ययन गर्ने | ● लाभ/लागत अध्ययनका लागि गठित कार्यदलको संख्या<br>● लाभ/लागतको अध्ययन गरी प्राप्त भएको प्रतिवेदनको संख्या | ● लाभ/लागतको अध्ययन गर्न कार्यदल गठनका लागि भएका निर्णयहरू,<br>● कार्यदलबाट प्राप्त लाभ लागत सम्बन्धी अध्ययन प्रतिवेदन,<br>● आयोगको वार्षिक प्रतिवेदनहरू । | |

| लक्ष्य र क्रियाकलाप संख्या | क्रियाकलाप | मापनयोग्य सूचकहरु | कार्यसम्पादन मापनका आधारहरु | कैफियत |
|---|---|---|---|---|
| | (प्रादेशिक कार्यलय समेत) | | | |
| २३ | आयोग मातहतका आफ्नै घरजग्गा नभएका कार्यालयहरूका लागि जग्गा प्राप्ति, भवन निर्माण र सुधारको कार्यलाई निरन्तरता दिने | • जग्गा प्राप्त भएका कार्यालयको संख्या<br>• भवन निर्माण भएका कार्यालयको संख्या<br>• कार्यालय भवन सुधार सम्बन्धी क्रियाकलापहरुको संख्या | • आयोगको वार्षिक प्रतिवेदन,<br>• जग्गा प्राप्त भएको निस्सा (जग्गा धनी प्रमाण पुर्जा),<br>• निर्माण सम्पन्न भई प्राप्त प्रतिवेदनहरू,<br>• आयोगको वार्षिक प्रतिवेदनहरू । | |
| २४ | आयोगलाई आवश्यक पर्ने पूर्वाधार निर्माणको लागि नेपाल सरकार लगायत अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने | • सहयोग र समन्वयका लागि भएको बैठक संख्या<br>• समन्वयका लागि गठन भएका समितिहरूको संख्या<br>• सहयोग र समन्वयका लागि भएको पत्राचार संख्या | • सरोकारवालाहरूसँग समन्वयका लागि भएको बैठकको माइन्यूट,<br>• सहयोग र समन्वयका लागि भएको पत्राचारको विवरण,<br>• आयोगको वार्षिक प्रतिवेदनहरू । | |
| २५ | आयोग मातहत निकायका लागि भौगोलिक विविधताका आधारमा भवन निर्माणका लागि आवश्यक पर्ने जग्गाको आकार र भवन संरचनाको डिजाइन गर्ने | • जग्गाको आकार निर्धारण भएको कार्यालयको संख्या<br>• भवन संरचनाको डिजाइन भएको कार्यालयको संख्या | • जग्गाको आकार र भवन संरचनाको डिजाइन गर्न कार्यदल गठन भई कार्यदलबाट प्राप्त प्रतिवेदन,<br>• आयोगको वार्षिक प्रतिवेदनहरू । | |
| २६ | Data Center सञ्चालनका लागि भवन निर्माण गर्ने | • निर्माण सम्पन्न भएको Data Center को भवनको संख्या | • Data Center को निर्माण सम्पन्न प्रतिवेदन<br>• आयोगको वार्षिक प्रतिवेदन | |
| २७ | Software Maintenance लगायत पुंजीगत सामानको संभार र संरक्षण गर्ने | • Software Maintenance को संख्या<br>• पुंजीगत सामानको संभार र संरक्षणको | • Software Maintenance को लगत<br>• पुंजीगत सामानको संभार र संरक्षणको लगत | |

| लक्ष्य र क्रियाकलाप संख्या | क्रियाकलाप | मापनयोग्य सूचकहरु | कार्यसम्पादन मापनका आधारहरु | कैफियत |
|---|---|---|---|---|
| | | लागि संचालित क्रियाकलापहरूको संख्या | ● आयोगको वार्षिक प्रतिवेदनहरू<br>● जिन्सी निरीक्षण प्रतिवेदनहरू | |
| **लक्ष्य ६ः मानव संसाधनको क्षमता वृद्धि गर्ने** | | | | |
| २८ | आयोग र मातहत कर्मचारीहरूको क्षमता विकास गर्न आवश्यक पर्ने तालिम/अध्ययन भ्रमणको आवश्यकता पहिचान गर्ने | ● तालिम/अध्ययन भ्रमणको आवश्यकता पहिचान भएका सूची | ● आवश्यकता पहिचान भएको प्रतिवेदन,<br>● आयोगको वार्षिक प्रतिवेदनहरू | |
| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| | | | | | | | | | |
| ५७ | राजनीतिक दल दर्ताको सफ्टवेयरलाई मतदाता दर्ता सफ्टवेयरसँग एकीकृत गर्ने | ● सूचना प्रणाली व्यवस्थापन शाखा | ● सूचना प्रविधि सञ्चालन शाखा<br>● राजनीतिक दल सम्बन्ध शाखा | | * | | १० | ● नेपाल सरकार<br>● दातृ निकाय | |
| ५८ | राजनीतिक दलको आयव्यय र लेखापरीक्षणको प्रतिवेदन तथा उम्मेदवारको निर्वाचन खर्चको विवरणलाई सूचना प्रविधि प्रणालीबाट अद्यावधिक गर्ने | ● राजनीतिक दल सम्बन्ध शाखा | ● सूचना प्रणाली व्यवस्थापन शाखा<br>● सूचना प्रविधि सञ्चालन शाखा | | * | | १० | ● नेपाल सरकार<br>● दातृ निकाय | |
| ५९ | राजनीतिक दलको आय व्यय र लेखापरीक्षण प्रतिवेदन सम्बन्धी स्थितिको समिक्षा गरि प्रतिवेदन प्रकाशन गर्ने | ● राजनीतिक दल सम्बन्ध शाखा | ● कानून शाखा | | * | | २५ | ● नेपाल सरकार<br>● दातृ निकाय | |
| ६० | राजनीतिक दल दर्ता गर्दा समर्थन गर्ने व्यक्तिहरुको हस्ताक्षर विद्युतीय माध्यमबाट परीक्षण गर्ने व्यवस्था मिलाने | ● रानजनीतिक दल सम्बन्ध शाखा | ● सूचना प्रणाली व्यवस्थापन शाखा<br>● सूचना प्रविधि सञ्चालन शाखा | | * | | १५ | ● नेपाल सरकार<br>● दातृ निकाय | |
| ६१ | निर्वाचन प्रयोजन र संगठन प्रयोजनका लागि दर्ता भएका दलहरूको विवरण अध्यावधिक गर्ने | ● राजनीतिक दल सम्बन्ध शाखा | ● कानून शाखा | * | * | * | १५ | ● नेपाल सरकार | |
| ६२ | राजनीतिक दलका विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्वित गर्ने गरी समावेशी भए नभएको सम्बन्धमा तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने | ● राजनीतिक दल सम्बन्ध शाखा | ● निर्वाचन तथ्यांक, भू-सूचना तथा जोखिम विश्लेषण शाखा | * | * | * | ३० | ● नेपाल सरकार<br>● दातृ निकाय | |

| क.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| | | | | | | | | | |
| **लक्ष्य १०: सूचना प्रविधिको प्रयोग गरी निर्वाचन व्यवस्थापन सुदृढ गर्ने** | | | | | | | | | |
| ६३ | निर्वाचनमा EVM को प्रयोगलाई बढाउदै लैजाने । | • निर्वाचन सञ्चालन शाखा | • सूचना प्रविधि सञ्चालन शाखा | * | * | * | १०० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ६४ | आयोग र अर्न्तगतका कार्यालयहरुबीच Broadband Internet / Intranet Connectivity को व्यवस्था गर्ने । | • सूचना प्रविधि सञ्चालन शाखा | • प्रशासन शाखा | * | * | * | १५ | • नेपाल सरकार | |
| ६५ | आयोग र मातहत निकायमा कम कागज प्रयोग (PaperLess) को अवधारणा अनुरुप मापदण्ड बनाइ कार्यान्वयन गर्ने । | • प्रशासन शाखा | • सूचना प्रणाली व्यवस्थापन शाखा<br>• सूचना प्रविधि सञ्चालन शाखा | * | | | ५ | • नेपाल सरकार | |
| ६६ | CCTV/IP Camera मार्फत विभिन्न मतदान स्थल/मतदान केन्द्रहरुको Surivlence गर्ने | • सूचना प्रणाली व्यवस्थापन शाखा | • सूचना प्रविधि सञ्चालन शाखा<br>• निर्वाचन तथ्याङ्क, भू-सूचना र जोखिम विश्लेषण शाखा | * | * | * | १५० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| **स्तम्भ ३: निर्वाचन शिक्षा र संगठनात्मक पहुँच** | | | | | | | | | |
| **लक्ष्य ११ : मतदाता शिक्षामा विस्तार गर्ने** | | | | | | | | | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| ६७ | मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नु अघि निर्वाचनका विभिन्न सरोकारवालाहरुसँग छलफल गरी आवश्यकता पहिचान गर्ने । | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• मतदाता नामावली शाखा | | * | | ५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ६८ | निर्वाचन प्रक्रियामा मतदाताको अधिकाधिक सहभागिताका लागि Social Media/Website को माध्यमबाट सचेतना अभियानलाई निरन्तरता दिने । | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • सूचना प्रणाली व्यवस्थापन शाखा<br>• सूचना प्रविधि सञ्चालन शाखा | * | * | * | १५० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ६९ | रेडियो र टेलिभिजनमार्फत् निर्वाचन शिक्षा कार्यक्रमलाई निरन्तरता दिने । | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • प्रशासन शाखा | * | * | * | ३०० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ७० | निर्वाचन शिक्षाका सबै कार्यक्रमहरूमा निर्वाचन आचार संहिता सम्बन्धी विषय समावेश गर्ने | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • कानून शाखा<br>• निर्वाचन सञ्चालन शाखा | * | * | * | ५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ७१ | आयोगबाट संचालन हुने तालिम/अभिमुखीकरण/अन्तरक्रिया जस्ता कार्यक्रममा नमूना मतदानलाई समावेश गर्ने । | • निर्वाचन सञ्चालन शाखा | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | * | * | * | ३० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ७२ | मतदाता शिक्षाका लागि तालिम दिने प्रशिक्षकहरुको सूची तयार गर्दै जाने । | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • सुचना प्रविधि सञ्चालन शाखा<br>• सूचना प्रणाली व्यवस्थापन शाखा | * | * | * | १५ | • नेपाल सरकार<br>• दातृ निकाय | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| ७३ | माध्यमिक विद्यालयका सान्दर्भिक पाठ्यक्रम लगायत प्रौढ शिक्षाका पाठ्यक्रममा मतदाता शिक्षासम्बन्धी विषयवस्तु समावेश गर्न प्रयास गर्ने । | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • शिक्षा मन्त्रालय<br>• निर्वाचन सञ्चालन शाखा | * | * | * | ५ | • नेपाल सरकार | |
| ७४ | सांस्कृतिक कार्यक्रम र घुम्ती टोली जस्ता विभिन्न कार्यक्रम मार्फत् मतदाता शिक्षा कार्यक्रम संचालन गर्नुका साथै निर्वाचन शिक्षा सामग्रीहरु वितरण गर्ने । | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• प्रशासन शाखा | * | * | * | १५० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ७५ | Civic Engagement Policy तयार गरी कार्यान्वयन गर्ने | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | | | * | * | २० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ७६ | निर्वाचन तथा मतदाता शिक्षा रणनीति तयार गरी कार्यान्वयन गर्ने (Mobile Apps, Mobile EEIC समेत) | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• मतदाता नामावली शाखा | | * | | १० | • नेपाल सरकार | |
| ७७ | नेपालमा निर्वाचनको इतिहास नामक पुस्तकको थप परिमार्जन गरी प्रकाशन र वितरण गर्ने | • निर्वाचन सञ्चालन शाखा | | * | * | * | ५० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| **लक्ष्य १२ : निर्वाचन शिक्षा तथा सूचना केन्द्रलाई क्रमशः विस्तार गर्ने ।** | | | | | | | | | |
| ७८ | निर्वाचन शिक्षा तथा सूचना केन्द्रलाई प्रदेश तहमा विस्तार गरी सुदृढीकरण गर्ने । | • निर्वाचन शिक्षा, | • प्रशासन शाखा | | * | * | १०० | • नेपाल सरकार | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| | | सूचना तथा तालिम शाखा | | | | | | • दातृ निकाय | |
| ७९ | प्रदेश स्तरका निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • प्रशासन शाखा<br>• क्षेत्रीय/प्रादेशिक निर्वाचन कार्यालयहरू | * | * | * | ३० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ८० | मतदाता शिक्षाको प्रयोजनका लागि स्थानीय तहसम्म पुग्ने गरी घुम्ती (Mobile EEIC) सामग्रीहरुको प्रयोग गर्दै लैजाने । | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • प्रादेशिक/**क्षेत्रीय**/ जिल्ला निर्वाचन कार्यालय | * | * | * | १०० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ८१ | सरोकारवाला निकायसँगको समन्वयमा निर्वाचनसँग सम्बन्धित क्षेत्रगत र विषयगत तालिम संचालन गर्ने । | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • प्रादेशिक/**क्षेत्रीय**/ जिल्ला निर्वाचन कार्यालय | * | * | * | ५० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ८२ | सार्क स्तरमा निर्वाचन शिक्षा सम्बन्धी अनुभव आदान प्रदान (सेमिनार/गोष्ठी तथा तालिम) कार्यक्रम संचालन गर्ने । | • अध्ययन अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | * | * | * | ५० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| **लक्ष्य १३ : लोकतन्त्र र निर्वाचनका लागि दक्षिण एसियाली अध्ययन केन्द्र स्थापना गर्ने** | | | | | | | | | |
| ८३ | FEMBoSA को पाँचौं बैठकको घोषणापत्रको बुँदा नं ३ मा उल्लेख भए बमोजिम दक्षिण एसियाली क्षेत्रमा निर्वाचन सम्बन्धी विषयमा शैक्षिक तथा अनुसन्धानात्मक क्रियाकलाप | • अध्ययन अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा | • FEMBoSA members EMBs<br>• प्रशासन शाखा | | | * | ५०० | • नेपाल सरकार<br>• दातृ निकाय | * |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| | सञ्चालन गर्न अध्ययन/अनुसन्धान केन्द्र (SAIDES) स्थापना गर्ने । | | | | | | | | |
| **लक्ष्य १४ : निर्वाचन व्यवस्थापनका सबै तहमा लैङ्गिकता तथा समावेशिता सुनिश्चित गर्ने ।** | | | | | | | | | |
| ८४ | निर्वाचन सम्बन्धी प्रकृयामा सुधार गरी निर्वाचन प्रणालीमा लक्षित वर्गहरुको सहभागिता सुनिश्चित गर्ने । | • निर्वाचन सञ्चालन शाखा | • कानून शाखा<br>• मतदाता नामावली शाखा | * | | | १०० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ८५ | हरेक तहको निर्वाचनमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी थारु, मुस्लिम, पिछडिएको क्षेत्र र अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यकको प्रतिनिधित्व बढाउन स्थानीय तहमा क्षमता विकासका कार्यक्रम संचालन गर्ने । | • निर्वाचन शिक्षा, सूचना तथा तालिम | • क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय<br>• योजना अनुगमन तथा समावेशीकरण शाखा | * | * | * | ३०० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ८६ | निर्वाचन आयोग र अन्तर्गतका कार्यालयहरुमा महिला तथा समावेशी समूहका कर्मचारीहरुको संख्या वृद्धि गर्न सकारात्मक वातावरणको निर्माण गर्ने । | • प्रशासन शाखा | | * | * | * | १५ | • नेपाल सरकार | |
| ८७ | निर्वाचन प्रक्रियामा अपांगता भएका व्यक्तिहरु सहित लक्षित समूहका मतदाताहरूको पहुँच र सहभागिता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने । | • निर्वाचन सञ्चालन शाखा | • योजना, अनुगमन तथा समावेशीकरण शाखा<br>• मतदाता नामावली शाखा | * | * | * | ३० | • नेपाल सरकार | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| ८८ | वार्षिक रूपमा लैङ्गिक तथा समावेशी परीक्षण गर्ने | • योजना अनुगमन तथा समावेशीकरण शाखा | • प्रशासन शाखा | * | * | * | १० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ८९ | स्थानीय तहमा महिला समूह, महिला सहकारी, वन उपभोक्ता समूह, स्वास्थ्य स्वयंसेविका लगायतका संगठित समूहलाई लक्षित गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | • EEIC | • प्रशासन शाखा<br>• योजना अनुगमन तथा समावेशीकरण शाखा<br>• क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय | * | * | * | ३० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ९० | आयोगको वार्षिक बजेट र निर्वाचन सम्बन्धी बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन प्रयास गर्ने | • योजना, अनुगमन तथा समावेशीकरण शाखा | • अर्थ मन्त्रालय | * | * | * | १५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| **लक्ष्य १५: निर्वाचनसँग सम्बन्धित सरोकारवालाहरू, मुख्य गरी राजनीतिक दल तथा उम्मेदवारहरूसँगको समन्वय र साझेदारी सुदृढ गर्ने** | | | | | | | | | |
| ९१ | सरोकारावालाहरूसँग केन्द्र र जिल्ला तहमा अन्तरक्रिया गर्ने । | • राजनीतिक दल सम्बन्ध शाखा | • अर्थ मन्त्रालय<br>• क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय<br>• निर्वाचन सञ्चालन शाखा<br>• मतदाता नामावली शाखा | * | * | * | १०० | | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| ९२ | निर्वाचन व्यवस्थापन सुधार सम्बन्धमा विज्ञ व्यक्ति तथा संस्थाको सल्लाह लिने । | • निर्वाचन सञ्चालन शाखा | • प्रशासन शाखा<br>• अध्ययन, अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा | * | * | * | २० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ९३ | राजनीतिमा वित्त सम्बन्धी Delhi Declaration कार्यान्वयन गर्न राजनैतिक दलहरूसँग समन्वय र अन्तरक्रिया गर्ने | • राजनीतिक दल सम्बन्ध शाखा | • अध्ययन, अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा | * | * | * | ६० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| **स्तम्भ ४ : निर्वाचन व्यवस्थापन** | | | | | | | | | |
| **लक्ष्य १६: मतदातामैत्री निर्वाचन संचालन गर्ने** | | | | | | | | | |
| ९४ | विभिन्न तहको निर्वाचन सञ्चालनका लागि निर्वाचन सञ्चालन योजना तयार गर्ने | • निर्वाचन सञ्चालन शाखा | • योजना, अनुगमन तथा समावेशीकरण शाखा<br>• प्रशासन शाखा | * | * | * | १५ | • नेपाल सरकार | |
| ९५ | विभिन्न तहको निर्वाचन सञ्चालनका लागि निर्वाचन सञ्चालन कार्यविधि तयार गर्ने | • निर्वाचन सञ्चालन शाखा | • योजना, अनुगमन तथा समावेशीकरण शाखा<br>• प्रशासन शाखा | * | * | * | ३० | • नेपाल सरकार | |
| ९६ | विभिन्न तहको निर्वाचन सञ्चालनका लागि निर्वाचन सञ्चालन कार्यतालिका तयार गर्ने | • निर्वाचन सञ्चालन शाखा | • योजना, अनुगमन तथा समावेशीकरण शाखा | * | * | * | ३० | • नेपाल सरकार | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| | | | • प्रशासन शाखा | | | | | | |
| ९७ | निर्वाचन आचार संहिता अनुगमन कार्यविधि तयार गरी कार्यान्वयन गर्ने | • कानून शाखा | • प्रशासन शाखा<br>• निर्वाचन सञ्चालन शाखा<br>• निर्वाचन भू-सूचना तथा जोखिम विश्लेषण शाखा<br>• क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय | * | * | * | १० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ९८ | मतदान स्थल/मतदानकेन्द्रहरुको पुनरावलोकन गर्ने | • निर्वाचन सञ्चालन शाखा | • निर्वाचन तथ्यांक, भू-सूचना तथा जोखिम विश्लेषण शाखा<br>• क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय | * | * | * | ५० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ९९ | मतदान स्थल/मतदान केन्द्र रहेको भवनको स्तरोन्नतिको लागि पहल गर्ने | • निर्वाचन सञ्चालन शााखा | • प्रशासन शाखा<br>• क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय | * | * | * | १५० | • नेपाल सरकार | |
| १०० | मतदान स्थलहरुमा सहज पहुँचको लागि अपांगमैत्री पूर्वाधार क्रमशः तयार गर्दै जाने | • निर्वाचन सञ्चालन शााखा | • निर्वाचन भू-सूचना, तथा जोखिम विश्लेषण शाखा | * | * | * | ३०० | • नेपाल सरकार<br>• दातृ निकाय | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| | | | • योजना, अनुगमन तथा समावेशीकरण शाखा | | | | | | |
| १०१ | अपांगता भएका व्यक्तिहरुलाई मतदान केन्द्रमा पथप्रदर्शन गर्ने कार्यमा सहयोग गर्नका लागि हरेक मतदानस्थलमा सहयोगी/स्वयमसेवकको व्यवस्था गर्ने | • निर्वाचन सञ्चालन शााखा | • प्रशासन शाखा<br>• क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय | * | * | * | ० | | |
| १०२ | निर्वाचन अधिकृत, मतदान अधिकृत र सहायक मतदान अधिकृतहरुको विवरण सङ्कलन गर्ने | • निर्वाचन सञ्चालन शाखा | • निर्वाचन भू-सूचना, तथा जोखिम विश्लेषण शाखा<br>• क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरु | * | * | * | ४५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| १०३ | मतपत्रमा ब्रेललिपि राख्ने कार्यका लागि अध्ययन गर्ने | • अध्ययन, अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा | • निर्वाचन सञ्चालन शााखा | * | * | * | १५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| १०४ | मतदान केन्द्रमा विद्युतीय माध्यमबाट मतदाताको पहिचान गर्ने प्रणालीको संभाव्यता अध्ययन गर्ने | • निर्वाचन सञ्चालन शाखा | • सूचना प्रणाली व्यवस्थापन शाखा<br>• सूचना प्रविधि सञ्चालन शाखा | * | * | * | २० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| १०५ | अनुपस्थित मतदाताका लागि वैकल्पिक मतदान सम्बन्धमा अध्ययन गर्ने कार्यलाई निरन्तरता दिने (प्रतिनिधि सभा र प्रदेश सभाको समानुपातिक निर्वाचन तर्फ) | • निर्वाचन सञ्चालन शाखा | • सूचना प्रणाली व्यवस्थापन शाखा<br>• अध्ययन, अनुसन्धान | * | * | * | २० | • नेपाल सरकार<br>• दातृ निकाय | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| | | | तथा वैदेशिक सम्बन्ध शाखा | | | | | | |
| **लक्ष्य १७ : सामग्री व्यवस्थापन थप प्रभावकारी रुपमा गर्ने** | | | | | | | | | |
| १०६ | प्रत्येक प्रदेश/क्षेत्र मा कम्तिमा एउटा गोदाम घर स्थापना गर्ने | • प्रशासन शाखा | • योजना, अनुगमन तथा समावेशीकरण शाखा<br>• प्रादेशिक/क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय | * | * | * | २१०० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| १०७ | निर्वाचन सामग्रीहरुको पहिचान र गुणस्तर सहितको स्पेसिफिकेशन तयार गर्ने | • प्रशासन शाखा | • निर्वाचन सञ्चालन शाखा | * | * | * | १५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| १०८ | निर्वाचन सामग्रीहरुको पुनः प्रयोग सम्बन्धी नीति तर्जुमा गर्ने | • प्रशासन शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• कानून शाखा | * | * | * | ५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| १०९ | निर्वाचन सामग्रीहरु खरिद गर्ने नीति पुनरावलोकन गर्ने | • प्रशासन शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• कानून शाखा | * | | | ५ | • नेपाल सरकार | |
| ११० | अति संवेदनशील निर्वाचन सामग्रीहरुको उपलब्धताबारे अध्ययन गर्ने | • प्रशासन शाखा | • निर्वाचन सञ्चालन शाखा | * | | | ५ | • नेपाल सरकार | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| १११ | निर्वाचन सामग्री वितरण सम्बन्धी कार्ययोजना निर्माण गरी लागू गर्ने | • प्रशासन शाखा | • निर्वाचन सञ्चालन शाखा | * | * | * | ५ | • नेपाल सरकार | |
| ११२ | निर्वाचन अघि देशमा उपलब्ध हुने सामाग्री पहिचान र सूची तयार गरी सामाग्री प्राप्ति गर्ने | • प्रशासन शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• अध्ययन अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा | * | * | * | १५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ११३ | निर्वाचन अघि बाहय मुलुकबाट प्राप्त गर्नुपर्ने सामाग्री पहिचान र सूची तयार गरी सामाग्री प्राप्ति गर्ने | • प्रशासन शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• अध्ययन अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा | * | * | * | १५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ११४ | सामग्री व्यवस्थापन तथा निर्वाचन संचालनमा आयोग/समिति लगायत विभिन्न निकाय एवम् अन्तर्गतका कार्यालयको कार्य क्षेत्र/कार्य विवरण स्पष्ट गर्ने | • प्रशासन शाखा | • निर्वाचन सञ्चालन शाखा | * | * | * | ५ | • नेपाल सरकार | |
| ११५ | निर्वाचनमा परिचालन हुने निर्वाचन अधिकृत तथा अन्य जनशक्ति व्यवस्थापनको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | • प्रशासन शाखा | • निर्वाचन सञ्चालन शाखा | * | * | * | ५ | • नेपाल सरकार | |
| **लक्ष्य १८ : निर्वाचनमा तथ्याङ्क, भू-सूचना तथा  जोखिम विश्लेषणको व्यवस्थापन गर्ने** | | | | | | | | | |

| क.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| ११६ | आयोग र अन्तर्गतका कर्मचारीहरुलाई जोखिम व्यवस्थापन सम्बन्धी तालिम दिने | • निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • निर्वाचन तथ्यांक , भू-सूचना तथा जोखिम विश्लेषण शाखा | * | * | * | ५० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ११७ | निर्वाचनका सबै तहहरुमा सुरक्षा समिति/टोलीहरुको कार्यविवरण तयार गरी कार्यक्षेत्र स्पष्ट गर्ने | • प्रशासन शाखा | • निर्वाचन सञ्चालन शाखा | * | * | * | १० | • नेपाल सरकार | |
| ११८ | निर्वाचन अघि सुरक्षाकर्मीलाई निर्वाचनसँग सम्बन्धित विषयमा अभिमूखीकरण गराउने | निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• सुरक्षा निकाय | * | * | * | ३०० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| ११९ | निर्वाचन व्यवस्थापनमा प्रभाव पार्ने जोखिमका कारक तत्वहरूको पहिचान गरी जिल्लागत र एकीकृत विवरण तयार गर्ने | • निर्वाचन तथ्यांक , भू-सूचना तथा जोखिम विश्लेषण शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• सूचना प्रणाली व्यवस्थापन शाखा | * | * | * | २५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| १२० | निर्वाचन संचालनमा कामको अवस्था पहिल्याउने प्रणाली (Event Tracking System) को प्रयोगलाई बिस्तार गरी थप प्रभावकारी बनाउने | • सूचना प्रणाली व्यवस्थापन शाखा<br>• सूचना प्रविधि सञ्चालन शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• निर्वाचन तथ्यांक , भू-सूचना तथा जोखिम विश्लेषण शाखा | * | * | * | ५० | • नेपाल सरकार<br>• दातृ निकाय | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| १२१ | निर्वाचन जोखिमसँग सम्बन्धित रहेका सरोकारवालाहरुको पहिचान गर्ने र निर्वाचन व्यवस्थापनलाई जोखिम मुक्त बनाउन प्रयास गर्ने | • निर्वाचन तथ्यांक , भू-सूचना तथा जोखिम विश्लेषण शाखा | • निर्वाचन सञ्चालन शाखा<br>• सूचना प्रविधि सञ्चालन शाखा | * | * | * | १५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| १२२ | निर्वाचन सञ्चालन र सूचना संप्रेषणमा प्रविधिको प्रयोग गर्ने (SMS, Event Tracking System, Mobile Apps आदि) | • सूचना प्रणाली व्यवस्थापन शाखा | • सूचना प्रविधि सञ्चालन शाखा<br>• निर्वाचन तथ्यांक , भू-सूचना तथा जोखिम विश्लेषण शाखा | * | * | * | ६० | | |
| १२३ | निर्वाचन सम्बन्धी आवश्यक तथ्याङ्कहरुको पहिचान, सङ्कलन, प्रशोधन तथा एकीकृत गरी प्रकाशन गर्ने | • निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा | • निर्वाचन सञ्चालन शाखा | * | * | * | ५० | • नेपाल सरकार<br>• दातृ निकाय | |
| १२४ | निर्वाचन जोखिमसँग सम्बन्धित तथ्याङ्क संकलन विधि तयार गर्ने | • निर्वाचन तथ्याङ्क , भू-सूचना तथा जोखिम विश्लेषण शाखा | • सूचना प्रणाली व्यवस्थापन शाखा<br>• सूचना प्रविधि सञ्चालन शाखा | * | * | * | ५ | • नेपाल सरकार<br>• दातृ निकाय | |
| १२५ | निर्वाचन प्रक्रियामा भौगोलिक सूचना प्रणाली (GIS) को नवीनतम प्रविधिको प्रयोग गर्दै PCML सँग सम्बन्धित तथ्याङ्कहरु अद्यावधिक गर्ने । | • निर्वाचन तथ्याङ्क , भू-सूचना तथा जोखिम विश्लेषण शाखा | • सूचना प्रणाली व्यवस्थापन शाखा<br>• सूचना प्रविधि सञ्चालन शाखा | * | * | * | ५० | • नेपाल सरकार<br>• दातृ निकाय | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार/निकाय/शाखा | सहयोगी निकाय/शाखा | लाग्ने समय | | | अनुमानितबजेट (रू लाखमा) | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | |
| १२६ | निर्वाचन आयोग र अन्तर्गतका कर्मचारीहरुलाई GIS/GPS सम्बन्धी तालिमहरू दिने । | • निर्वाचन शिक्षा सूचना तथा तालिम शाखा | • निर्वाचन तथ्यांक, भू-सूचना तथा जोखिम विश्लेषण शाखा<br>• सूचना प्रणाली व्यवस्थापन शाखा<br>• सूचना प्रविधि सञ्चालन शाखा | * | * | * | ५० | • नेपाल सरकार<br>• दातृ निकाय | |

# अनुगमन र मूल्याङ्कन

कुनै पनि योजना (रणनीतिक/विकास योजना) को सफल कार्यान्वयनको लागि अनुगमन तथा मूल्यांकन एक पूर्व शर्त हो । रणनीतिक योजनामा उल्लेख भएका क्रियाकलापहरूको कार्ययोजना बनाई त्यसलाई वार्षिक कार्यक्रममा ढाली आवश्यक साधन श्रोतको व्यवस्था सहित विभिन्न क्रियाकलापलाई कार्यन्वयनमा लैजानु पर्दछ । यस सिलसिलामा रणनीतिक योजनामा उल्लेख भएको क्रियाकलापहरू समयमा कार्यान्वयन गरियो वा गरिएन, क्रियाकलापहरू कार्यान्वयनबाट अपेक्षित उपलब्धी हासिल भए वा भएन, कार्यान्वयनको क्रममा के कस्ता कमी कमजोरीहरू रहे, समस्या समाधानका लागि के कस्ता प्रयास गरिए र आगामी दिनमा के सुधार गर्नुपर्दछ भन्ने विषयमा अनुगमन तथा मूल्यांकनले पृष्ठपोषण दिने काम गर्दछ । अनुगमन र मूल्याङ्कनबाट आयोगको सार्वजनिक उत्तरदायित्व पनि सुनिश्चित हुनेछ । यस क्रममा रणनीतिक योजनाको अन्त्यमा कार्यान्वयन गरिएका क्रियाकलापहरू, त्यसबाट प्राप्त उपलब्धिको विश्लेषणका साथै कार्यान्वयन हुन नसकेका क्रियाकलापहरू के कारणले कार्यान्वयन हुन सकेनन् भन्ने कुराहरूको लेखाजोखा गरी समग्र योजनाको मूल्यांकन सहित आगामी रणनीतिक योजनामा सुधार गर्नुपर्ने विषयहरू समेत पहिचान गरिन्छ । यसले आगामी रणनीतिक योजनालाई यथार्थपरक बनाउन र त्यसको अनुगमन तथा मूल्यांकनको लागि मापनको स्तर समेत निर्धारण गर्न सहयोग पुर्‍याउँदछ ।

रणनीतिक योजना, २०७१/०७२ - २०७५/०७६ को तर्जुमा र मध्यावधि मूल्यांकन गरी परिमार्जनका समयमा जस्तै योजनाको मूल्यांकन गर्ने समयमा पनि आयोगका पदाधिकारी, कर्मचारी र अन्य सरोकारवालाहरूको उपस्थितिमा गरिन्छ । यसरी गरिने अनुगमन तथा मूल्याङ्कनले रणनीतिक योजनाको कार्यान्वयनबाटप्राप्त उपलब्धीको विश्लेषण सहित कार्यान्वयनका क्रममा देखापरेका कमी कमजोरी पहिचान गरी आगामी रणनीतिक योजना तर्जुमाका लागि पृष्ठपोषण प्रदान गर्नेछ ।

उपरोक्त प्रक्रिया अनुसार रणनीतिक योजनाको मूल्यांकन गर्नको लागि रणनीतिक योजनामा उल्लेख भएका क्रियाकलापहरू कार्यान्वयन भए भएनन् मापन गर्नको लागि कार्य सम्पादन मापनका आधारहरू र मापनयोग्य सूचकहरू तयार गरी सोको आधारमा नियमित रूपमा कार्यान्वयनको अवस्था कस्तो भन्ने अभिलेख अध्यावधिक गर्नुपर्ने हुन्छ । यसका लागि यस रणनीतिक योजनाको तालिका २ मा प्रस्तुत गरिएको कार्य योजनामा आधारित भई तालिका १ मा प्रस्तुत गरिएका कार्य सम्पादन मापनका आधार र कार्य सम्पादन मापन गर्ने सूचकहरूमा आधारित भई रणनीतिक योजना कार्यान्वयनको स्थितिलाई अभिलेखीकरण गरीअन्त्यमा समग्र योजनाको मूल्यांकन गरिनेछ ।

परिमार्जित रणनीतिक योजनाको एक महत्वपूर्ण भागको रुपमा रहेको तीनवर्षीयकार्ययोजना ( २०७३/०७४-२०७५/०७६) को अनुगमन तथा मूल्याङ्कनका लागि अनुगमन तथा मूल्याङ्कनको लागि मार्गदर्शन सहितको नमूना तालिका अनुसूची-४ मा समावेश गरिएको छ । अनुसूचीमा समावेश नमूना तालिकालाई वार्षिक रुपमा अध्यावधिक गरी कार्ययोजनाको समयसीमा समाप्त भएपछि कार्ययोजनाको समीक्षा र समग्र योजनाको मूल्याङ्कन गरिनेछ ।

# अनुसूचीहरू

अनुसूची-१

## दुईवर्षीय कार्ययोजना (२०७१/०७२ - २०७२/०७३) को समीक्षा

निर्वाचन अयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२-२०७५/०७६ को दुईवर्षीय कार्ययोजना (२०७१/०७२ - २०७२/०७३) को कार्यान्वयन अवधि मिति २०७३ असार मसान्तबाट समाप्त भएको छ । यस परिप्रेक्षमा दुईवर्षीय कार्ययोजनाको समीक्षा र बाँकी अवधिको कार्ययोजना निर्माण गर्न आवश्यक देखिएकोले आयोगको मिति २०७३।०७।२९ को निर्णय अनुसार आयोगका सचिवको संयोजकत्वमा एक निर्देशक समितिको गठन भएको थियो । सो समितिमा सबै महाशाखा प्रमुखहरू, राष्ट्रिय योजना आयोगका प्रतिनिधि तथा योजना, अगुमन तथा समावेशीकरण शाखाका शाखा प्रमुख सदस्य र योजना, अगुमन तथा समावेशीकरण शाखाका शाखा अधिकृत सदस्य सचिवको रूपमा रहनुभएको थियो ।

निर्देशक समितिले आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको दुईवर्षीय कार्ययोजना समीक्षा गर्ने, दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/७२-२०७५/७६ को मध्यावधि समीक्षा सहित बाँकी अवधिको कार्ययोजना निर्माण गर्ने गरी कार्य प्रक्रिया अवलम्बन गर्न निर्देशन दिइएको थियो । यस अनुरूप दुईवर्षीय कार्ययोजनाको समीक्षाका लागि जिम्मेवार शाखाहरूबाट कार्ययोजनाका क्रियाकलापहरूको २०७३ अषाढ मसान्तसम्मको कार्यप्रगतिको अवस्था सङ्कलन गरी मिति २०७३ मंसिर २३ र २४ गते कार्यशालाको आयोजना गरी विस्तृत समीक्षा गरिएको थियो । सो अनुसार कार्ययोजनाका कूल ९१ वटा क्रियाकलापहरूमध्ये २१ वटा क्रियाकलापहरू पूर्ण रूपमा कार्यान्वयन भएका, ३८ वटा क्रियाकलापहरू आंशिक कार्यान्वयन भएको र ३२ वटा क्रियाकलापहरू कार्यान्वयन हुन नसकेको पाइयो । कार्यान्वयन हुन नसकेका कतिपय क्रियाकलापहरू निर्वाचनकै समयमा मात्र कार्यान्वयन हुने प्रकृतिका भएकाले कार्यान्वयन हुन नसकेको निश्कर्ष छलफलबाट निस्किएको थियो । दुईवर्षीय कार्ययोजनाका क्रियाकलापहरूको कार्यान्वयनको स्थिति सम्बन्धी विस्तृत विवरण तल अनुसूचीमा प्रस्तुत गरिएको छ । दुईवर्षीय कार्ययोजनाको समीक्षा गर्दा कार्ययोजना कार्यान्वयनमा निम्न कमी कमजोरीहरु रेहेको औल्याउदै रणनीतिक योजनाको परिमार्जन र बाँकी अवधिको कार्ययोजना निर्माण गर्दा ती कमी कमजोरीहरुमा सुधार गर्न पृष्ठपोषण प्राप्त भएको छ ।

१. कार्ययोजानाको निर्माण पछि आयोगको सांगठानिकसंरचनामा भएको परिवर्तनले कतिपय क्रियाकलापहरुको लागि शाखागत जिम्मेवारीमामा Overlap को अवस्था सृजना भएको,

२. समग्र योजनाको भाषिक सुधार गर्नुपर्ने आवश्यकता देखिएको,

३. कार्ययोजनाका क्रियाकलाप र वार्षिक बजेटवीच तादम्यताको कार्य तथा श्रोत अभावले कार्ययोजना कार्यान्वयनमा प्रभावकारिता आउन नसकेको,

४. कार्ययोजनामा कतिपय क्रियाकलापहरु आयोगको कार्यक्षेत्र बाहिरका रहेको । उदाहरणको लागि कर्मचारी रिटेन्सन नीति,

५. क्रियाकलापहरुको मूल्याङ्कनका लागि कार्यसम्पादन मापनका आधार र कार्यसम्पादनका सूचकहरु अनुगमन तथा मूल्याङ्कनको खाकामा पूर्ण नभएको हुँदा समीक्षाका लागि Bench Mark उपलब्ध हुन नसकेको ।

तालिका ३

# निर्वाचन आयोग, नेपाल

## दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२–२०७५/०७६ को

### दुईवर्षीय कार्ययोजना (२०७१/०७२–२०७२/०७३) को कार्यान्वयनको समीक्षा

| लक्ष्य र क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| | **विषयवस्तु** | | | | | | | | |
| | **स्तम्भ १: निर्वाचन आयोगको संस्थागत विकास** | | | | | | | | |
| १. | **लक्ष्य १: निर्वाचन आयोगको संस्थागत क्षमता सुदृढ गर्ने** | | | | | | | | |
| १.१ | आयोगको कार्यसञ्चालनमा पूर्ण स्वायत्तता र स्वतन्त्रता सुनिश्चित गर्न प्रयास गर्ने (जस्तैः कानूनमा सुधार, नयाँ संविधानमा निर्वाचन मिति तोक्ने, आवश्यक जनशक्ति तथा वित्तीय श्रोत व्यवस्था गर्ने आदि)। | आयोग र सचिवालय | - संविधानसभा सचिवालयमा आयोगको तर्फबाट लिखित सुझाव पेश भएको।<br>- नेपालको संविधान जारी भई आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था भएको। | | आवश्यक कानूनी तथा नीतिगत व्यवस्था एवं सुधारको लागि सम्बन्धित निकायमा पहल गरिएको हुने। | ✓ | | | |
| १.२ | आवश्यकता अनुसार आयोगको संरचना नयाँ संविधान अनुकूल बनाउने। | आयोग | - आयोगको पुनर्संरचनाको लागि प्राविधिक समिति गठन भई कार्य गरिरहेको र मस्यौदा प्रतिवेदनसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामान्य प्रशासन मन्त्रालयमा पेश भएको।<br>- उच्चस्तरीय संघीयता कार्यान्वयन तथा पुनर्संचरना समन्वय समितिमा पुनर्संरचनाको विषय पेश | | आयोगले सिफारिश गरिसकेको हुने वा परिवर्तन आवश्यक नभएकोले सो संरचना जस्ताको तस्तै रहेको हुने। | | ✓ | | O & M को कार्य भइरहेको |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| | | | भएको । | | | | | | |
| १.३ | संगठनात्मक नीति र मार्गदर्शनमा लैङ्गिक तथा समावेशीकरण नीतिलाई मूल प्रवाहीकरण गर्ने । | योजना, अनुगमन तथा समावेशीकरण शाखा | - लैङ्गिक तथा समावेशीकरण नीति, २०७० लैङ्गिक तथा समावेशीकरण रणनीति, २०७१-२०७६ कार्यान्वयनमा रहेको,<br>- सोको १ वर्षे कार्ययोजनाको ३६ वटा क्रियाकलापहरु मध्ये देहाय अनुसारको कार्य अवस्था रहेको :<br>▪ सम्पन्न भएका क्रियाकलाप - १६,<br>▪ निरन्तर हुने/प्रकृयामा रहेका क्रियाकलाप-९<br>▪ कार्यान्वयन गर्न बाँकी - ११ (१, ३, ६, २५, २६, २७, २९, ३०, ३२, ३४ र ३६)<br>- दुई वर्ष ६ महिना अवधिको लैङ्गिक तथा समावेशी कार्ययोजना स्वीकृत भई कार्यान्वयनमा रहेको । | | संगठनात्मक नीति र मार्गदर्शनमा लैङ्गिक तथा समावेशीकरण समावेश भएको हुने । | | ✓ | | आयोगका क्रियाकलापमा लैङ्गिक तथा समावेशीकरणलाई आत्मसात गरिएको |
| १.४ | आयोगको निर्णय प्रक्रियालाई सरल, थप पारदर्शी, सहभागितामूलक र जवाफदेही बनाउन मानकहरू तयार गर्ने । | आयोग र सचिवालय | आयोगको बैठक सञ्चालन कार्यविधि स्वीकृत भई कार्यान्वयनमा रहेको । | | मानकहरू तयार गरिएको र लागू भएको हुने । | | ✓ | | |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| १.५ | प्रतिवेदन तयार पार्ने, अभिलेख फाइलिङ्ग गर्ने, सम्बद्ध शीर्षकहरूमा आधारभूत अनुसन्धान गर्ने कार्यलाई सुव्यवस्थित गरी संस्थागत स्मरण संयन्त्रलाई सुधार गर्ने । | प्रशासन शाखा | - वित्तीय प्रतिवेदन र अभीलेख गर्ने विषयमा CGAS, NPSAS (Computerised govt. Accounting system, Nepal Public sector Accounting Standards) कार्यान्वयनमा ल्याइएको छ ।<br>- प्रारम्भिक अभिलेख र प्रतिवेदन मासिक/दैनिक प्रतिवेदन CGAS/NPSAS बमोजिम उपलब्ध छ । | | - व्यवस्थित रूपमा प्रतिवेदन गर्ने कार्य सुधारिएको हुने,<br>- फाइलिङ प्रणाली सुधारिएको हुने,<br>- सम्बद्ध शीर्षकमा व्यावहारिक अनुसन्धान गरिएको हुने | ✓ | | | |
| २. | **लक्ष्य २ः योजना प्रक्रियालाई सुदृढ तुल्याउने** | | | | | | | | |
| २.१ | परिष्कृत पद्धति र विधिको माध्मबाट नतिजा प्रभाव व्यवस्थापनमा सहयोग पुग्ने गरी योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखाको क्षमता अभिवृद्धि गर्ने । | आयोग र सचिवालय | - छुट्टै वैदेशिक समनवय तथा अध्ययन अनुसन्धान शाखा स्थापना,<br>- योजना, अनुगमन तथा समावेशीकरण शाखाको स्थापना । | - भर्ना गरिएका नयाँ कर्मचारीको संख्या<br>- एक वा एकभन्दा बढी विशेष तालिम सञ्चालन भएको संख्या | | | ✓ | | शाखाको नाम संशोधन गर्नु पर्ने । |
| २.२ | योजना प्रक्रियालाई यथार्थपरक बनाउन तथ्याङ्कीय आधार तयार गर्ने (जी.आई.) र फरक क्षमता भएका व्यक्तिहरूको खण्डीकृत तथ्याङ्क समेत) । | निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा | ● ५ क्षेत्रीय र ७० जिल्ला निर्वाचन कार्यालयहरूमा पत्राचार गरी PCML तथा GIS सँग सम्बन्धित तथ्याङ्क सङ्कलनको कार्य भैरहेको,<br>● लैङ्गिक तथा समावेशी तथ्याङ्क संकलन गर्न खण्डीकृत तथ्याङ्क फाराम विकास गरिएको । | तथ्याङ्क | - तथ्याङ्कीय आधार सुधार भएको हुने ।<br>- लैङ्गिक तथा समावेशीकरण र अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलनभएको हुने । | | ✓ | | |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| २.३ | आयोगको योजना र वार्षिक क्रियाकलापलाई रणनीतिक योजनासँग तालमेल मिलाउन मद्दत पुऱ्याउनको लागि योजना निर्माण सम्बन्धी निर्देशिकाहरू तयार गर्ने । | योजना, अनुगमन तथा समावेशीकरण शाखा | योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निर्देशिका तयार भई स्वीकृति भएको । | | यस क्षेत्रमा निर्देशिकाहरू जारी गरिएको हुने । | ✓ | | | |
| २.४ | राष्ट्रिय योजना आयोगको अनुगमन र मूल्याङ्कन कार्यविधिका आधारमा अनुगमन तथा मूल्याङ्कनको एकीकृत कार्यविधि तयार गर्ने । | योजना, अनुगमन तथा समावेशीकरण शाखा | योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निर्देशिका तयार भई स्वीकृति भएको । | | यहाँ प्रस्तावित अनुगमन तथा मुल्याङ्कन विधिलाई राष्ट्रिय योजना आयोगको अनुगमन तथा मुल्याङ्कन विधिसँग समायोजन गरिएको हुने । | ✓ | | | |
| ३. | **लक्ष्य ३: नयाँ संविधानसँग अनुकूल हुने गरी निर्वाचन सम्बन्धी कानून सुधार गर्ने** | | | | | | | | |
| ३.१ | आवश्यकता अनुरूप संविधान बमोजिम निर्वाचन प्रणाली तथा प्रक्रियालाई सुधार गर्नको लागि योगदान गर्ने । | आयोग र सचिवालय | ● सो विषयमा आयोगबाट राय/सुझाव उपलब्ध गराइएको, <br>● २०७२ सालमा जारी भएको नेपालको संविधानमा निर्वाचन प्रणालीको व्यवस्था भएको । | | सुधार गरिएको हुने वा आवश्यक नै नपर्ने । | ✓ | | | |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ३.२ | निर्वाचन सम्बन्धी एकीकृत कानूनको मस्यौदा तयार गर्ने र स्वीकृतिको लागि संसद समक्ष पेश गर्ने । | कानून शाखा | दल त्याग ऐन र राजनीतिक दल सम्बन्धी ऐनलाई एकीकृत गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३, निर्वाचन ऐन, २०७३, र मतदाता नामावली सम्बन्धी ऐन, २०७३ को विधेयक मस्यौदालाई आयोगको मिति २०७३।२।२५ को निर्णयानुसार संसद समक्ष पेश गर्न गृह मन्त्रालय पठाइसकिएको । | | मस्यौदा तयार भएको हुने र पेश भएको हुने । | | ✓ | | |
| ३.३ | मतपत्रमा “माथिका मध्ये कसैलाई पनि मतनदिएको (नोटा)” भन्ने व्यवस्था समावेश गर्न आवश्यक काम गर्ने । | कानून शाखा | यो विषय समेत समावेश गरी केही नेपाल कानूनलाई संशोधन गर्न बनेको विधेयक स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पठाइएको । | | नोटा सम्बन्धी व्यवस्था समावेश भएको हुने । | ✓ | | | |
| ३.४ | निर्वाचन विवाद निरूपण सम्बन्धी कानूनी प्रावधानको पुनरावलोकन गरीप्रभावकारिता वृद्धि गर्ने । | कानून शाखा | यस सम्बन्धी व्यवस्था गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को विधेयक मस्यौदा संसदमा पेश गर्न गृह मन्त्रालयमा पठाइसकिएको । | | निर्वाचन विवाद निरूपणसम्बन्धी व्यवस्थाहरू पुनरावलोकन भएको हुने । | | ✓ | | |
| | **स्तम्भ २: सङ्गठन र क्षमता विकास** | | | | | | | | |
| ४. | **लक्ष्य ४: जिल्ला निर्वाचन कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्ने** | | | | | | | | |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ४.१ | सबै जिल्लाहरूमा जग्गा प्राप्ति गर्ने र भवन निर्माण गर्ने कार्यको लागि लाग्ने वित्तीय तथा सञ्चालन लागत/लाभको अध्ययन गर्ने । (१० वटा जिल्लामा जग्गा प्राप्त भएको ५) | प्रशासन शाखा र आर्थिक प्रशासन शाखा | यस सम्बन्धी अध्ययन हुन बाँकी रहेको । | | संभाव्यता अध्ययन लागत/लाभको अध्ययन भएको हुने । | | | ✓ | |
| ४.२ | आवश्यकता अनुसार कार्यालयका लागि जग्गा प्राप्ति गर्ने, भवन निर्माण र सुधार गर्ने । | प्रशासन शाखा र आर्थिक प्रशासन शाखा | - भवन बनी सकेका जिल्लाः ९<br>- भवन निर्माणाधीन जिल्लाः ११<br>- जग्गा प्राप्ति भएका जिल्लाः ६ | जग्गा प्राप्त भई भवन निर्माण सम्पन्न भएका जिल्लाको संख्या | | | ✓ | | |
| ४.३ | नयाँ पूर्वाधार निर्माणको लागि सरकार, स्थानीय निकाय र विकास साझेदारहरूबाट समन्वयात्मक रूपमा सहयोग प्राप्त गर्ने । | प्रशासन शाखा | - आयोग र अन्तर्गतका कार्यालयहरूमा जग्गा प्राप्ति, सुधार र भवन निर्माण कार्यमा नेपाल सरकार र अन्य सरकारी निकायसँगको समन्वयमा कार्य हुँदै आएको ।<br>- २०७२ साल बैशाख १२ गते गएको भूकम्प र त्यसपछिका पराकम्पबाट आयोग र अन्तर्गतका कार्यालयमा पुगेको क्षतिको आधारमा पुनर्सबलीकरण गर्न अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग समन्वय भइरहेको । | | - पूर्वाधार विकास गर्ने निर्णय भएको हुने ।<br>- साझेदारहरूसँग आवश्यक सहयोगको लागि प्रभावकारी समन्वय भएको हुने । | | ✓ | | समन्वयको काम भइरहेको |

| लक्ष्य ४ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ४.४ | भौगोलिक विविधता, जग्गाको आकार र निर्वाचन क्षेत्र संख्याको आधारमा जिल्ला निर्वाचन कार्यालय भवनको संरचना डिजाइन गर्ने । | प्रशासन शाखा | ● क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयको भवन डिजाइन, नक्सा पास र ल.इ. गर्दा समावेश गर्नुपर्ने विषयको मापदण्ड बनाई कार्यान्वयन गरिएको,<br>● चालु आर्थिक वर्षमा वजेट निकासा गरी उक्त मापदण्ड अनुसार भवन निमार्ण सुरू गरेका जिल्लाहरूको संख्या - ७ । | डिजाइन सम्पन्न भएका कार्यालयहरूको संख्या | | ✓ | | | ● ७ जिल्लाहरू:( ताप्लेजुङ्ग, उदयपुर, सर्लाही, पर्वत, तनहु, म्याग्दी, रामेछाप)<br>● वजेट पठाउन बाँकी जिल्लाहरू ( तेह्रथुम, सुनसरी, बर्दिया र खोटाङ<br>● पूननिर्माण प्राधिकरणको वजेटमा निर्माण हुने जिल्लाहरू ( धादिङ र सिन्धुपाल्चोक) |
| ५. | **लक्ष्य ५: मानव संसाधनको क्षमता वृद्धि गर्ने** | | | | | | | | |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ५.१ | सबै तहका कर्मचारीहरूको कार्यविवरण तयार गरी सम्बन्धित कर्मचारीलाई दिने । | प्रशासन शाखा | ● आयोगमा सहसचिव र उपसचिवलाई कार्य विवरण उपलब्ध गारइएको संख्या- १८,<br>● क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारीहरूलाई आयोगबाट कार्य विवरण उपब्ध गराइएको संख्या-७५,<br>● क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारीहरूलाई आफु अन्तरगतका कर्मचारीहरूलाई कार्य विवरण उपलब्ध गराउन पत्राचार भएको संख्या-४९४ । | कार्य विवरणदिइएका कर्मचारीहरूको संख्या | | | ✓ | | आयोगका शा.अ. देखि तलका कर्मचारीहरूलाई कार्य विवरण उपलब्ध गराउन बाँकी रहेको । |
| ५.२ | आयोगको काममा व्यावसायिकता अभिवृद्धि गर्न र कर्मचारीको स्थायित्व सुनिश्चित गर्न कर्मचारी रिटेन्सन नीति तयार गर्ने । (लोक सेवा आयोग र सामान्य प्रशासन मन्त्रालयसँग संयुक्त प्रयास आवश्यक पर्ने) | सचिवालय | यस सम्बन्धी प्रयास हुन नसकेको । | | कर्मचारी स्थायित्व सम्बन्धी नीति तय गरिएको हुने । | | | ✓ | कर्मचारीको Retension Policy तयार गर्ने भन्ने विषयलाई झिक्ने । |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ५.३ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र अन्य दुर्व्यवहार जस्ता संवेदनशील विषयहरू समेत समेटी कर्मचारीको आचार संहिता पुनरावलोकन गर्ने र कार्यान्वयन गर्ने | सचिवालय | ● आचार संहिता पुनरावलोकन हुन बाँकी रहेको तथा यस सम्बन्धी विषयमा सबै कर्मचारीका लागि अभिमुखीकरण तालिम सञ्चालन भइसकेको,<br>● संवेदनशील विषयलाई फोकस गरेर गुनासो सुन्ने अधिकारी तोकिएको र सो विषयमा आयोगको कर्मचारीहरूलाई प्रशिक्षण गरिएको । | | - आचार संहिता पुनरावलोकन भएको हुने ।<br>- संवेदनशील विषयहरू समेटिएको हुने । | | | ✓ | विषयवस्तुलाई संशोधन गर्ने । |
| ५.४ | आयोगमा कार्यरत हरेक कर्मचारीलाई प्रत्येक वर्ष कम्तीमा एउटा आन्तरिक वा अन्तर्राष्ट्रिय तालिम उपलब्ध गराउने । | योजना, अनुगमन तथा समावेशीकरण शाखा | ● उल्लेखित नीति अनुसार कर्मचारीलाई तालिम दिने कार्य भैरहेको,<br>● Gender Friendly Communication सम्बन्धी प्रशिक्षण आयोगको सबै तहका कर्मचारीहरूलाई उपलब्ध गराइएको । | सङ्गठनको प्रत्येक तहमा वर्षमा एउटा तालिम प्राप्त गर्ने कर्मचारीको संख्या | | | ✓ | | |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ५.५ | लैङ्गिक तथा समावेशीकरण, निर्वाचन विवाद निरूपण, निर्वाचन परिणामको विद्युतीय सम्प्रेषण, मुलुक बाहिर रहेका मतदाताको मतदान, सञ्चार माध्यम अनुगमन, सुरक्षा जोखिम न्युनीकरण, भौगोलिक सूचना प्रणाली (जि.आई.एस.) आदि जस्ता नवीनतम विषयहरूमा केन्द्रित गरी सम्बद्ध कर्मचारीलाई अन्तर्राष्ट्रिय तालिम, अध्ययन/अवलोकन र कार्यशालामा सहभागी गराउने । | सचिवालय | ● हरेक वर्ष एक कर्मचारी एक तालिमको नीति अनुसार सम्भव भएसम्म स्वदेशी तथा वैदेशिक तालिम, अध्ययन, अवलोकन वा भ्रमणको अवसर प्रदान गरिएका,<br>● लैङ्गिक तथा समावेशीकरण सम्बन्धमा फिलिपिन्समा अध्ययन भ्रमण भएको संख्या - ५ जना | - आयोजना गरिएका अन्तर्राष्ट्रिय कार्यशालाहरूको संख्या<br>- आयोजना गरिएको अध्ययन भ्रमण संख्या | | | ✓ | | २ वर्षमा ८० जनालाई वैदेशिक अध्ययन/अवलोकन भ्रमणको अवसर |
| ५.६ | बढुवा, पुरस्कार, विभुषण, वर्षको उत्कृष्ट कर्मचारी आदि जस्ता कर्मचारीको मनोबल बढाउने प्रोत्साहनहरू प्रदान गर्ने । | प्रशासन शाखा | नेपाल सरकारबाट प्रदान गरिने विभिन्न विभूषण, पदक साथै निजामती सेवा पुरस्कारका लागि आयोग र अन्तर्गत कार्यरत कर्मचारीलाई सिफारिश गरी पठाइएको । | | केही नयाँ प्रोत्साहन सम्बन्धी व्यवस्था तय गरिएको र कार्यान्वयनमा ल्याइएको हुने । | ✓ | | | ● दैविप्रकोप पीडित उद्धार पदकका लागि - ४१ जना निजामती सेवा पुरस्कार - १५ जना,<br>● गणतन्त्र दिवस, २०७३ - ५ जना<br>● बढुवा विषयलाई छलफलमा ल्याउनु पर्ने । |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ५.७ | वैदेशिक मनोनयनको लागि छनौट गर्ने वस्तुगत र पारदर्शी आधारहरू (लैङ्गिक तथा समावेशीकरण समेत पर्ने गरी) निर्धारण गर्ने । | प्रशासन शाखा | वैदेशिक भ्रमणको मापदण्डको मस्यौदा तयार भएको । | | - पारदर्शिता सम्बन्धमा निर्दिष्ट कदमहरू चालिएको र कर्मचारीलाई जानकारी गराइएको हुने ।<br>- लैङ्गिक तथा समावेशीकरणलाई आत्मसात् गरिएको हुने । | ✓ | | | मस्यौदा निर्माण |
| ५.८ | आयोगमा कार्यरत सबै जनशक्तिको क्षमता अभिवृद्धि हुने गरी आयोग र सचिवालयबीचको आन्तरिक सञ्चार प्रणालीलाई सुधार गर्ने । | प्रशासन शाखा | - नियमित कर्मचारी बैठक बस्ने गरेको ।<br>- आयोगबाट हुने निर्णय तथा अन्य मन्त्रालय/निकायबाट हुने पत्राचार महाशाखा मार्फत सम्बन्धित शाखा,क्षे.नि.का./जि.नि.का.सम्म पुग्ने गरेको । | | | ✓ | | | |
| ५.९ | अनुभव आदान प्रदान गर्नको लागि अन्तर-जिल्ला भ्रमणको आयोजना गर्ने । | निर्वाचन सञ्चालन शाखा | यस सम्बन्धी कार्य हुन नसकेको । | आयोजना गरिएका अन्तर जिल्ला भ्रमणको संख्या | | | | ✓ | |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वियन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ५.१० | निर्वाचन आयोगका विभिन्न समिति, निर्वाचन शिक्षा तथा सूचना केन्द्र, लोकतन्त्र र निर्वाचनका लागि दक्षिण एसियाली अध्ययन केन्द्र (SAIDES) बाट गरिएका अध्ययन तथा अनुसन्धानको निष्कर्षलाई आयोगबाट सम्पादन हुने कार्यहरूमा समावेश गर्ने । | सचिवालय | ● सो सम्बन्धी कार्यका लागि समिति गठन भएको,<br>● सो विषयमा कार्यशाला संचालन भएको,<br>● Consultant नियुक्त भई अध्ययन प्रतिवेदन प्राप्त भएको । | | सुझाव तथा निष्कर्षहरू आयोगको कार्य सम्पादनमा समावेश भएको हुने । | | ✓ | | |
| ६. | **लक्ष्य ६: सञ्चार माध्यमसँगको सहकार्य सुदृढ गर्ने** | | | | | | | | |
| ६.१ | निर्वाचनको विषय हेर्ने सञ्चारकर्मीहरूको लागि निर्वाचन अघि निर्वाचन आयोग र निर्वाचन सम्बन्धी क्षमता विकास कार्यशाला गर्ने । | निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | राजनीतिक वित्त सम्बन्धी विषयमा ५० जना सञ्चारकर्मीहरूका लागि २/२ दिने २ वटा ब्रिज कार्यशाला सम्पन्न भएको । | काठमाडौं तथा काठमाडौं बाहिर आयोजना गरिएका कार्यशालाहरूको संख्या | | | ✓ | | |
| ६.२ | प्रभावकारी प्रेस कार्यालय सञ्चालन गर्न म्यानुअल तयार गर्ने (दक्षिण एशियाली क्षेत्रमा निर्वाचन व्यवस्थापन निकायहरूमा समेत प्रयोग हुनसक्ने) । | निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | यस सम्बन्धी कार्य हुन नसकेको । | म्यानुअल तयार भएको हुने | | | | ✓ | |
| ६.३ | पूर्व सूचनामा आधारित भएर निर्णय गर्न र सञ्चार माध्यमसँग सञ्चार सम्पर्क बलियो पार्नको लागि विषयवस्तु विश्लेषण (कन्टेन्ट एनालाइसिस) पद्धतिमा आधारित भरपर्दो प्रणालीको रूपमा सञ्चार अनुगमन संयन्त्र खडा गर्ने । | निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | | | यो सेवा आयोगले दिने गरेको वा निजी क्षेत्रबाट गराइएको हुने । | | | ✓ | |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ६.४ | सञ्चार माध्यम अनुगमन म्यानुअल तयार गर्ने (दक्षिण एशियाली क्षेत्रका निर्वाचन व्यवस्थापन निकायहरूले समेत प्रयोग गर्न सक्ने)। | निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | | म्यानुअल तयार भएको हुने | | | | ✓ | |
| ६.५ | निर्वाचन सम्बन्धी अवधारणा, र रिपोर्टिङ्ग एवं प्रचारप्रसारको लागि निर्वाचन हाते पुस्तिका तयार गर्ने (दक्षिण एशियाली क्षेत्रमा समेत प्रयोग गर्न सकिने)। | निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा | | | यो कार्य गर्ने जिम्मेवारी यस कार्यका लागि अन्तर्राष्ट्रिय विज्ञको सेवा लिइरहेको हुने। | | | ✓ | |
| | **स्तम्भ ३: मतदाता दर्ता र निर्वाचन प्रविधि** | | | | | | | | |
| ७. | **लक्ष्य ७: सबै योग्य मतदाताको नाम दर्ता निरन्तर रूपमा हुने कुरा सुनिश्चित गर्ने** | | | | | | | | |
| ७.१ | एकीकृत मतदाता दर्ता निर्देशिका बनाउने। | मतदाता नामावली शाखा | | | निर्देशिकाहरू बनाइएको हुने। | | | ✓ | रणनीतिक योजनामा कानून शाखा उल्लेख भए तापनि मतदाता नामावली शाखासँग सम्बन्धित भएको |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ७.२ | सन् २०१६ को अन्तसम्म (विं सं. २०७३ को मध्यसम्म) मा मुलुक भित्रका मतदाता हुन योग्य सबै व्यक्तिको नाम दर्ता गर्ने ।<br>(प्रति वर्ष करिब ८,००,००० मतदाता दर्ता गर्ने) | मतदाता नामावली शाखा | - आ.व. २०७१/७२ मा निरन्तर दर्ता, घुम्ति शिविर र विशेष दर्ता कार्यक्रमबाट जम्मा ७६१,६२१ जनाको नाम दर्ता सङ्कलन गरिएको ।<br>- आ.व. ०७२/७३ मा निरन्तर दर्ता, घुम्ति शिविर दर्ता र विशेष दर्ता कार्यक्रमबाट ५,९०,९२३ जना मतदाताको नाम दर्ता भएको । गत आ.व.मा देशभरका सबै गा.वि.स. तथा न.पा.सम्म वजेट अभावका कारण लक्ष्य अनुरूप कार्यक्रम सञ्चालन गर्न नसकिएकोले केही न्यून दर्ता देखिएको । | दर्ता गरिएका योग्य नयाँ मतदाताहरूको संख्या | | ✓ | | | |
| ७.३ | सन् २०१५ को अन्तसम्ममा सुरक्षण प्रविधि सहितको नयाँ मतदाता परिचयपत्र तयारी तथा वितरण शुरू गर्ने । | मतदाता नामावली शाखा | सुरक्षण प्रविधि सहितको मतदाता परिचय पत्र तयारीका लागि परिचयपत्र समिति गठन भइ सो समितिले अवधारणा पत्र तयार पारी प्रतिवेदन पेश भएको । | मतदाता परिचयपत्र तयारी तथा वितरण गरिएको संख्या | | | ✓ | | |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ७.४ | दर्ता संभाव्यताका आधारमा नेपालीहरूको सघन उपस्थिति रहेका शहरहरूलाई केन्द्रित गरी परीक्षणको रूपमा विदेशमा रहेका मतदाताको दर्ता प्रारम्भ गर्ने । (उदाहरणको लागि : सियोल, क्वालालम्पुर, दोहा र दुबई आदि) | मतदाता नामावली शाखा | दर्ता सम्भाव्यताका अधारमा नेपालीहरूको सघन उपस्थिति रहेका शहरहरूलाई केन्द्रित गरी परीक्षणको रूपमा विदेशमा रहेका मतदाताको दर्ता प्रारम्भ गर्न कानूनमा उल्लेख हुनुपर्ने कुराहरू नयाँ तर्जुमा हुने कानूनमा समावेश गर्न लेखी पठाइएको । | नमूनाको रूपमा परीक्षण गरिएका शहरहरूको नाम | | | ✓ | | |
| ८. | **लक्ष्य ८: राजनीतिकदल दर्ता कार्यलाई प्रभावकारी र व्यवस्थित गर्ने** | | | | | | | | |
| ८.१ | जिल्लास्तरमा राजनीतिक दल दर्ता अनिवार्य गर्ने र तिनीहरूको विवरण अद्यावधिक गर्ने । | कानून र राजनीतिक दल सम्बन्ध शाखा | राजनीतिक दल दर्ता अभिलेखीकरण गर्न परिपत्र गरिसकेको र जिल्ला स्तरमा अद्यावधिक गर्ने कार्य भइरहेको । | जिल्लास्तरमा दर्ता भएका राजनीतिक दलको संख्या र तिनको अद्यावधिक विवरण | आवश्यक नियमहरू बनाई लागू गरिएको हुने । | | | ✓ | |
| ८.२ | राजनीतिक दल दर्ताको लागि आवश्यक विवरणहरू कम्प्युटरकृत गर्ने । | राजनीतिक दल सम्बन्ध र सूचना प्रविधि सञ्चालन शाखा | यसको लागि आयोगमा सफ्टवेयर तयार भइसकेको छ । राजनीतिक दलको विवरण कम्प्युटरकृत गर्ने कार्य सम्बन्धमा आवश्यक विवरण सम्पादन भइरहेको । | दस्तावेजहरू कम्प्युटरकृत भएको हुने | | | ✓ | | |
| ८.३ | राजनीतिक दल दर्ता गर्दा समर्थन गर्ने व्यक्तिहरूको हस्ताक्षर वैज्ञानिक रूपमा परीक्षण गर्ने व्यवस्था गर्ने । | सूचना प्रविधि सञ्चालन शाखा | हस्ताक्षरको वैज्ञानिक परीक्षण गर्न नपर्ने । | | आवश्यक वैज्ञानिक संयन्त्र तयार भएको हुने । | | | ✓ | |
| ९. | **लक्ष्य ९: सूचना प्रविधिको प्रयोग गरी निर्वाचन व्यवस्थापन सुदृढ गर्ने** | | | | | | | | |

| लक्ष्य ८ क्रियाकलाप | विषयवस्तु | जिम्मेवार निकाय/ शाखा | २०७३ आषाढ सम्मको अवस्था | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू | कार्यान्वयन भए/नभएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण | आंशिक | नभएको | |
| ९.१ | प्रत्येक निर्वाचनमा क्रमिक/चरणगत रूपमा विद्युतीय मतदान यन्त्रको प्रयोग बढाउदै लैजाने ।<br>(सबै निर्वाचन क्षेत्रमा पूर्णरूपमा लागू नहुन्जेलसम्म प्रत्येक निर्वाचनमा ५,००० विद्युतीय मतदान उपकरणहरू थप्दै जाने) | निर्वाचन सञ्चालन शाखा | यस सम्बन्धी कार्य हुन नसकेको । | विद्युतीय मतदान यन्त्र प्रयोग भएका मतदान स्थलहरूको संख्या | | | | ✓ | |
| ९.२ | आयोग र जिल्ला निर्वाचन कार्यालयहरूबीच द्रूत गतिमा डाटा सम्पर्क (हाई स्पीड डाटा कनेक्टीभिटी) व्यवस्था गर्ने । | सूचना प्रविधि र सूचना प्रणाली व्यवस्थापन शाखा | नेपाल दूरसञ्चारका प्राविधिक र व्यवस्थापकीय कर्मचारीहरूसँग जिल्लाहरूसँग कनेक्टिभिटी गर्ने बारे प्रारम्भिक छलफल गरिएको । | | तीव्र गतिमा डाटा सम्पर्क हुने व्यवस्था भएको हुने । | | | ✓ | |
| ९.३ | कम कागज प्रयोग हुने कार्यालयको अवधारणा अनुरूप कार्यालय स्वसञ्चालन हुने व्यवस्था गर्ने । | सूचना प्रविधि र सूचना प्रणाली व्यवस्थापन शाखा | Paper-less office को अवधारणा अनुसार कार्य सञ्चालन गर्न केही Office Automation प्रणालीको प्रस्तुतीकरण गराइएको । | यो प्रक्रिया थालनी भएका महाशाखा/ शाखाहरूको संख्या | | | ✓ | | |
| ९.४ | सबै सम्बद्ध कर्मचारीको इन्टरनेट, इमेल र भिडियो कन्फेरेन्समा पहुँच पुऱ्याउने । | सूचना प्रविधि र सूचना प्रणाली व्यवस्थापन शाखा | इन्टरनेटको क्षमता 2 MBPS बाट 5 MBPS गरिएको । | यी प्रविधिमा पहुँच भएका कर्मचारीको अनुमानित संख्या | | | ✓ | | |
